

“१00 बुँदे” प्रतिबद्धता र दलित समुदायको सम्मानको प्रश्न

✍ [illegible] घिमिरे ३


## सिटी डेन्टल

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९



जि.प्र.का.झापा द.नं.६९। ०५७।०५८

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com



## आमा डेन्टल केयर प्रा. लि.

दमक-६, थानारोड (प्रधान कार्यालय)
सम्पर्क नम्बर : 023-572643/9814912500
दमक–१, रबि स्टेन्ड गेट नजिक (शाखा कार्यालय)
सम्पर्क नम्बरः 023-577816

हाम्रा उपलब्ध डाक्टरहरु

१. डा. प्रनेस श्रेष्ठ (MDS- Orthodontist)
२. डा. सुस्मिता नेपाल (BDS- Dental Surgeon)
३. डा. मीरा आचार्य (BDS- Dental Surgeon)

नोट : हप्ताको सातै दिन दन्त उपचार सेवा उपलब्ध छ।



❑ वर्ष-२१ ❑ अंक - ११९ ❑ २०८३ वैशाख १७ गते बिहीबार ❑ Thursday, 30 April 2026 ❑ मूल्य ७ /-


## सिटौला बाहिरिए

**दमक/** कांग्रेस राष्ट्रियसभा संसदीय दलको नेताबाट कृष्णप्रसाद सिटौलालाई हटाइएको छ । उनलाई हटाएर कांग्रेस संसदीय दलका नेता भीष्मराज आङ्देम्बेले कमला पन्तलाई मनोनीत गरेका छन् । कांग्रेस संसदीय दलको कार्यालयले भनेको छ, 'नेपाली कांग्रेस संसदीय दलका नेता माननीय भीष्मराज आङदेम्बेज्यूले नेपाली कांग्रेस संसदीय दलको विधान (संशोधन तथा परिमार्जन सहित, २०८३ को धारा १२ (२) बमोजिम राष्ट्रियसभा संसदीय दलको नेता पदमा माननीय कमलादेवी पन्तलाई मनोतीन गरेका छन् । साथै आङ्देम्बेले प्रतिनिधिसभा संसदीय दलको उपनेतामा अभिषेक शाहलाई, प्रमुख सचेतकमा बासना थापा र सचेतकमा निश्कल राईलाई मनोनीत गरेका छन् ।

## फेरी भाडा बढ्यो

**दमक/** यातायात व्यवस्था विभागले देशभर अन्तर-प्रदेश चल्ने सार्वजनिक यातायातको भाडा दरमा वृद्धि गरेको छ । विभागले २०८३ वैशाख १६ गतेदेखि लागू हुने गरी यात्रुवाहक तथा मालवाहक दुवै प्रकारका सवारी साधनको भाडा समायोजन गरेको हो । बालेन नेतृत्वको सरकार आएपछि यो दोस्रोपटक भाडा बढाइएको विभागले जनाएको छ ।

विभागका अनुसार भाडा समायोजन भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको सैद्धान्तिक सहमतिमा वैज्ञानिक भाडा समायोजन प्रणालीअनुसार गरिएको हो। मुख्य रूपमा डिजेलको मूल्यमा आएको उल्लेख्य वृद्धिलाई भाडा बढ्नुको प्रमुख कारण मानिएको छ। विभागको स्वचालित प्रणालीअनुसार इन्धनको मूल्य ५ प्रतिशतभन्दा बढी घटबढ भएमा भाडा समायोजन गर्ने व्यवस्था रहेको छ ।

## सेनाले मुख खोल्यो

*नेपाली सेनाले विपद् पूर्वतयारीका लागि सुकुमवासी बस्तीको विवरण माग गरेको प्रष्टीकरण दिएको छ । सैनिक मुख्यालय जंगी अड्डाले बुधबार प्रेस विज्ञप्तिमा जारी गरीविपद् पूर्वतयारीका लागि सुकुमवासी बस्तीको विवरण माग गरेको प्रतिक्रिया दिएको हो ।*

*सेनाले विगतका वर्षहरूमा जस्तै विपद्का घटनाहरूलाई मध्यनजर गर्दै वर्षातको समयमा बाढी, पहिरो, डुबान र नदी कटानबाट हुनसक्ने जोख जोखिमलाई दृष्टिगत गरी विवरण संकलनको काम भएको बताएको छ। सरोकारवाला निकायहरूबीच समन्वय र सहकार्य गर्दै मानवीय र भौतिक क्षतिको न्यूनीकरणका लागि भएको उसको भनाइ छ ।*

*अहिले नेपाली सेनाका विभिन्न युनिटलेसुकुमवासीको विवरणहरु माग गर्दै आइरहेका छन्।*

### दमकमा सुकुमबासी र अव्यवस्थित बसोबासीको अवस्था

# जिल्ला जिल्लामा डोजर त्रासदी

✍ खगेन्द्र कार्की

**दमक/** सुरक्षा निकाय मार्फत् सुकुमबासीको विवरण संकलन शुरू भएसँगै यो विषय अहिले सार्वजनिक बहसको मुख्य विषय बनेको छ । कतिपय स्थानमा नेपाली सेनाको तर्फबाट समेत पत्राचार गरि सम्वन्धित क्षेत्रमा रहेका सुकुमबासीहरूको विवरण माग गरिएको समाचार आई रहेका छन् । यता झापामा भने जिल्ला प्रहरी कार्यालय झापाले मातहतका कार्यालयहरूलाई पत्र लेखेर त्यस प्रकारको विवरण उपलब्ध गराउन भनेको छ । यस्तै जिल्ला प्रशासन कार्यालयले स्थानीय तहमानै पत्र पठाई विवरण पठाउन र अतिक्रमति स्थान खालि गराउन भनेको छ ।

सुकुमबासीहरूको विवरण पठाउन जिल्ला प्रसाशन कार्यालय मार्फत पत्र पठाईए पछि कतिपय स्थानीय तहले भने आपत्ती जनाएका छन् । सो पत्रका बारेमा दमक नगरपालिकाका मेयर रामकुमार थापाले दिएको धारणाले भने अहिले यस क्षेत्रमा तरङ्ग पैदा गरेको छ । उनले त सार्वजनिक रूपमानै प्रशासनको ताकेता प्रति रोष प्रकट गरेका छन् । उनले भनेका छन्, 'स्थानीय सरकार पनि संघीय सरकार जस्तै स्वायत्त सरकार हो । यो प्रशासनको शाखा वा मातहत होईन । त्यसैले किन प्रशासनले हामीसँग यस्तो गरि रहेको छ, अचम्म लागेको छ ।' यस सम्वन्धमा नगरपालिकाको संस्थागत धारणा तय हुन बाँकि रहे पनि मेयर थापा काठमाडौ तथा अन्य कतिपय सहरमा जस्तो सुकुमबासी बस्तिमा डोजर चलाई हाल्न हतारिने पक्षमा देखिएका छैनन् ।

प्रशासनले पठाएको पत्रमा 'सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण र अतिक्रम नियन्त्रणका लागि आवश्यक व्यवस्था गर्नु हुन र अतिक्रमण हटाउने कार्य अविलम्ब अगाडी बढाउनु हुन, अतिक्रमण हटाउने क्रममा सुरक्षा प्रवन्ध आवश्यक भएमा यथोचित सुरक्षा व्यवस्था मिलाईने आदेशानुसार अनुरोध छ' उल्लेख छ । पत्रमा आदेश अनुसारको व्यहोरा उल्लेख हुनुले स्थानीय तहलाई जिल्ला प्रशासन मातहतको ईकाई वा शाखाको रूपमा हेर्न खोजिएको भन्दै मेयर थापाले असन्तुष्टि व्यक्त गरे । उनले भने, 'के विवरण चाहिएको हो, हामीलाई संघीय मामिला मन्त्रालयले पठाए हुन्छ नि तर प्रशासन कार्यालयले

बाँकी ४ पेजमा ▸▸

### सुकुमबासी व्यवस्थापनमा सरकारको दृढता

दमक । सरकारले काठमाडौँ उपत्यकाका नदी किनारका सरकारी जग्गा खाली गराउने अभियानलाई तीव्रता दिएको छ । थापाथली, गैरीगाउँ र मनोहरा क्षेत्रका अनधिकृत बस्ती हटाउने क्रममा यसपटक भावनात्मक नभई तथ्य र लगतका आधारमा 'सक्कली' र 'नक्कली' सुकुमवासी छुट्याएर दीर्घकालीन समाधान खोजिने बताइएको छ । प्रधानमन्त्रीकी प्रेस विज्ञ दीपा दाहालका अनुसार सरकारले डिजिटल प्रणालीमार्फत प्रत्येक व्यक्तिको विस्तृत प्रोफाइल तयार गरी सुकुमवासी समस्या समाधानको तयारी गरेको छ । उनका अनुसार अध्ययनका क्रममा बस्तीमा बस्ने धेरै व्यक्तिको अन्यत्र घरजग्गा रहेको पाइएको छ, जसलाई 'नक्कली सुकुमवासी'को रूपमा पहिचान गरिनेछ । यस्ता व्यक्तिलाई कुनै विकल्प नदिइने र विवरण सार्वजनिक गरिने सरकारको भनाइ छ । बागमती सभ्यता एकीककरण आयोजना लगायत निकायको अध्ययनले पनि नदी किनारका बस्तीमा बस्ने धेरैसँग अन्यत्र सम्पत्ति रहेको देखाएको छ । सरकारले वास्तविक भूमिहीन र विपन्न वर्गलाई मात्र संरक्षण दिने नीति लिएको जनाएको छ । वास्तविक सुकुमवासीका लागि सरकारले पाँच स्थानमा अस्थायी पुनर्स्थापनाको व्यवस्था गरेको छ।

## हिमावि भ्रष्टाचारको नालीबेली

**दमक/** देशकै नमूना विद्यालयको रूपमा स्थापित हुने क्रममा रहेको दमक २ को हिमालय माविमा भएको भ्रष्टाचारको विषयले अहिले दमकबासीलाई चिन्तित बनाएको छ । विद्यालयले भने यो विषयलाई छिटो टुङ्ग्याउनु पर्नेमा जोड दिएको छ ।

गुणस्तरीय शिक्षाका लागि पूर्वी नेपालकै उत्कृष्ट सामुदायीक विद्यालयको रूपमा रहेको हिमालय माविमा भएको भ्रष्टाचारको विषयमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले विगत देखिनै अनुसन्धान गर्दै आएको थियो । सोहि अनुसन्धानलाई निष्कर्षमा पुऱ्याएर आयोगले मुद्धा दायर गरेको हो ।

अख्तियारले यस विद्यालयका तत्कालिन प्रधानाध्यापक र लेखापालविरूद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ । आयोगले उनीहरूविरूद्ध ९३ लाख ८३ हजार ३०९ रूपैयाँ बिगो दाबीसहित विशेष अदालतमा आरोपपत्र पेश गरेको हो । तर अनियमितताको विषय भने हालको होईन । यो आर्थिक वर्ष २०७७-७८ को हो । त्यस बेला विद्यालयको भवन निर्माण तथा अन्य शीर्षकमा रकम हिनामिना भएको उजुरीका आधारमा अनुसन्धान सुरू गरिएको थियो । अनुसन्धानका क्रममा विद्यालयका तत्कालिन प्रधानाध्यापक ओमप्रसाद उपाध्याय आचार्य र लेखापाल दयासागर आचार्यले आर्थिक वर्ष २०७७/७८ देखि विभिन्न शिर्षकमा विद्यालयको रकम हिनामिना तथा दुरूपयोग गरेभवन निर्माणमा गम्भीर अनियमितता भएको भेटिएको आयोगले जनाएको छ ।

विशेषगरी नमुना विद्यालय भवन निर्माण अन्तर्गत पहिलो तलाको निर्माण कार्यमा वास्तविक मूल्यांकन करिब १ करोड ४८ लाख ५३ हजार २३५ रूपैयाँ मात्र रहेको देखिएको छ । तर, सोही कामका लागि नक्कली बिल, बिजक तथा भरपाई तयार गरी करिब २ करोड ७ लाख ७९ हजार ९२२ रूपैयाँसम्म भुक्तानी गरिएको पाइएको छ । यसरी वास्तविक लागतभन्दा करिब ५९ लाख २६ हजार ६८६ रूपैयाँ बढी भुक्तानी गरिएको आयोगको दाबी छ । अनियमितता ढाकछोप गर्न झुठा कागजात तयार पारिएको र मूल्यांकनभन्दा बढी रकम खर्च देखाइएको निष्कर्ष आयोगले निकालेको छ । भवन निर्माणमा मात्रै सीमित नरही विद्यालयको अन्य आर्थिक कारोबारमा पनि हिनामिना भएको दावी छ । आयोगका अनुसार दुवै जनाको मिलेमतोमा २०७७-७८ यता बेरूजु देखिएको करिब

बाँकी ४ पेजमा ▸▸

## दल फुटाउन होइन सुधार गर्न अध्यादेश आवश्यक : *लामिछाने*



**दमक/** राष्ट्रिय स्वतन्त्र पार्टी का सभापति रवि लामिछाने ले विगतमा भएका दलीयकरण र गलत नियुक्ति सच्याउन अध्यादेश ल्याउनुपरेको बताएका छन्। संसदीय दलको अनौपचारिक बैठकमा उनले पहिलेका कमजोरी नसच्याएसम्म जनताको अपेक्षा पूरा गर्न नसकिने भन्दै अध्यादेशको औचित्य स्पष्ट पारे ।

उनले विगतमा अध्यादेश दल फुटाउन वा विपक्षीलाई कमजोर बनाउन प्रयोग हुने गरेको उल्लेख गर्दै अहिलेको अभ्यास सुधारमुखी भएको बताए। “यो कदम कसैलाई दुःख दिन वा सुविधा दिनका लागि होइन, आवश्यक सुधारका लागि हो,” उनले भने, “कानुनी दायराभित्र रहेर गरिएको अभ्यास हो।” आफूहरूले इमानदार रूपमा काम गरिरहेको उल्लेख गर्दै उनले विगतमा प्रधानमन्त्रीकै दलका सांसदलाई लेखा समितिको सभापति बनाउने अभ्यास तोडिएको पनि बताए ।

बैठकमा उनले आफ्ना सांसदहरूलाई सेवा प्रवाह र सार्वजनिक संस्कार परिवर्तनमा केन्द्रित हुन निर्देशन दिएका छन्। सिंहदरबारस्थित संसदीय दलको कार्यालयमा भएको छलफलमा उनले रास्वपा मालिक बन्न खोज्नेका लागि नभई सेवक र सहजकर्ताहरूको पार्टी भएको बताएका छन् ।

पार्टीका प्रवक्ता मनिष झाका अनुसार लामिछानेले सांसद र मन्त्रीबीच नियमित अन्तरक्रिया गरिने र मन्त्रालयगत कामलाई प्रभावकारी बनाइने बताएका छन्। सरकार परिवर्तनसँगै सार्वजनिक सेवाको संस्कार पनि बदलिनुपर्ने उनको जोड थियो ।

लामिछानेले सांसदहरूको मुख्य भूमिका कानुन निर्माण भएको उल्लेख गर्दै आवश्यक समन्वय गर्नुपर्ने बताए । उनले अन्तर्जातीय विवाहका नाममा हुने विभेद र दुर्घटना रोक्न कानुनी पहल आवश्यक रहेको पनि बताएका छन् । सिन्धुली घटनामा केही सांसदको व्यवहारप्रति संकेत गर्दै उनले भावनात्मक भएर मर्यादा उल्लंघन नगर्न निर्देशन दिएका छन् ।

बाँकी ४ पेजमा ▸▸

## संसदीय प्रणालीमा हस्तक्षेप गरेको एमालेको आरोप

**दमक/** नेकपा (एमाले) संसदीय दलका नेता रामबहादुर थापा (बादल)ले अध्यादेशमार्फत ऐन बनाउन खोज्ने सरकारको कदम संसदीय प्रणालीमाथिको हस्तक्षेप भएको टिप्पणी गरेका छन् ।

बुधवार विपक्षी दलहरूको बैठकपछि सञ्चारकर्मीसँग कुरा गर्दै थापाले संविधानले संसद नबसेको अवस्थामा अध्यादेश सिफारिस गर्नसक्ने व्यवस्था भएपनि अहिलेको परिस्थिति त्यसभन्दा भिन्न रहेको स्पष्ट पारे । आह्वान गरिसकेको संसद स्थगित गरेर अध्यादेश जारी गर्नु अलोकतान्त्रिक, असंवैधानिक र असंसदीय कदम उनको भनाइ छ ।

उनले विगतका सरकारहरूले संसद अधिवेशन नरहेको अवस्थामा मात्रै अध्यादेश ल्याएको उल्लेख गर्दै अहिले भने सदनलाई स्थगित गरेर अध्यादेश जारी गर्न खोजिएको उनको आरोप छ ।

## सदस्यता अद्यावधिकका लागि झापा कांग्रेसको आग्रह

**बिर्तामोड/** नेपाली कांग्रेस का केन्द्रीय सदस्य तथा जरा अभियानका झापा प्रतिनिधि बसन्त भट्टराईले क्रियाशील सदस्यता अद्यावधिक कार्यमा सबै तहगत समितिको भूमिका महत्वपूर्ण हुने भन्दै समयमै कार्यसम्पादन गर्न आग्रह गरेका छन् । नेपाली कांग्रेस झापाद्वारा आयोजित संयुक्त भेलामा उनले वैशाख १ गतेदेखि सुरू भएको जरा अभियान अब वडा तहमा पुगेको उल्लेख गर्दै समयमै सदस्यता अद्यावधिक गर्नुपर्ने बताएका छन् । अभियान सफल बनाउन वडा, गाउँ/नगर, प्रदेशसभा क्षेत्र र क्षेत्रीय समितिबीच प्रभावकारी समन्वय आवश्यक रहेको उनले बताए ।

अर्का केन्द्रीय प्रतिनिधि रूद्रबहादुर कन्दङ्वाले क्रियाशील सदस्यता अद्यावधिकपछि सदस्यहरूको गतिविधि, नीति र विचारप्रतिको प्रतिबद्धता डिजिटल प्रविधिबाट अनुगमन गर्न सहज हुने बताए ।

जिल्ला सभापति देउकुमार थेवे ले वडातहमा खटिएका प्रतिनिधिहरूलाई सम्बन्धित क्षेत्रमा सहजीकरण र अनुगमन गर्न आग्रह गरेका छन् । उनले सबै तहगत समितिहरूसँग समन्वय गरी सदस्यता अद्यावधिक कार्यलाई प्रभावकारी बनाउनुपर्ने बताए। कार्यक्रममा उपसभापति शेरबहादुर भट्टराई ले धन्यवाद ज्ञापन गरेका थिए भने सञ्चालन सचिव कृष्ण हुमागाईले गरेका थिए । कार्यक्रममा सजेश शिवाकोटी र अमृत बास्तोला ले डिजिटल प्रणालीमार्फत सदस्यता अद्यावधिकको महत्वबारे जानकारी दिएका थिए । उनीहरूले अहिलेको युग डिजिटल प्रचारको भएकाले

बाँकी ४ पेजमा ▸▸

## खुवालुङमा माङ्तीसहित सांस्कृतिक संरचनाको शिलान्यास

*__सुनसरी ।__ खुवालुङ क्षेत्रमा माङ्गीमसहित विभिन्न सांस्कृतिक संरचनाको शिलान्यास गरिएको छ । जिल्ला कार्यसमिति (सुनसरी, धनकुटा र उदयपुर) तथा खुवालुङ जग्गा व्यवस्थापन एवं माङ्गी निर्माण उपसमिति साथै किरात राई यायोक्खा केन्द्रीय कार्यसमिति काठमाडौँको आयोजनामा मङ्गलबार उक्त संरचनाको शिलान्यास गरिएको हो ।*

*धनकुटा, भोजपुर र उदयपुर जिल्लाको सङ्गमस्थल त्रिवेणी क्षेत्रमा रहेको खुवालुङ खाम (परिसर) लाई मुन्दुमी आस्था र शक्तिको अभ्यासस्थलका रूपमा विकास गरिँदै खुवालुङमा मुन्दुमी खिम (घर) निर्माण गरिनुका साथै आगन्तुकका लागि आवासीय संरचना पनि निर्माण गरिने किरात राई यायोक्खाका अध्यक्ष जीवन हताचो राईले बताए ।*

*किराँती समुदायको संस्कृति र ज्ञान प्रणालीलाई प्रतिनिधित्व गर्ने गरी 'किरात राई सांस्कृतिक मौखिक ज्ञान सङ्ग्रहालय' र 'मुन्दुम खीम (पाठशाला)' निर्माण गरिने छ । सङ्ग्रहालयमा अडियो, भिजुअल, तस्बिर तथा सांस्कृतिक सामग्री सङ्कलन गरिने छ भने मुन्दुम खीममा किराँती मुन्दुम र ज्ञान प्रणालीसम्बन्धी शिक्षा सञ्चालन गरिने अध्यक्ष राईको भनाइ छ ।*

*कोशी प्रदेश सरकारले रु दुई करोड ४० लाख बजेमा उक्त सङ्ग्रहालय निर्माण हुन लागेको हो । खुवालुङ (सप्तकोशीस्थित त्रिवेणी) लाई मौलिक सांस्कृतिक केन्द्रका रूपमा विकास गर्दै देशकै महत्वपूर्ण सांस्कृतिक पर्यटकीय क्षेत्र बनाउने लक्ष्य राखिएको अध्यक्ष राईले बताए ।*

*सखुवा कन्स्ट्रक्सन कन्सल्टेन्सीले तयार पारेको विस्तृत परियोजना प्रतिवेदन (डिपीआर) भौतिक पूर्वाधार विकास मन्त्रालयअन्तर्गत सहकारी विकास तथा भवन कार्यालय धनकुटामा*

बाँकी ४ पेजमा ▸▸


## आईसीयूका लागि नर्स आवश्यकता

दमक हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि., दमक ८ लाई **आईसीयू सेवा**का लागि **५ जना नर्सिङ स्टाफ** आवश्यक रहेकाले योग्यता पुगेका ईच्छुक व्यक्तिहरुलाई योग्यताको प्रमाण पत्रको प्रतिलिपिसहित आवेदन दिनु हुन जानकारी गराईन्छ ।

- **योग्यता** : **बीएन उत्तिर्ण गरि १ वर्षको अनुभव**
- **आवेदन दिने अन्तिम मिति** : **२०८३/१/२२ गते**
- **सम्पर्क नं** : **०२३-५७१९७१**
- **मो.** : **९८२५९८०००८/९८०७९४३२०२**

## ठुलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त

**झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

दमक :
**देवीप्रसाद सिटौला**
(९८४२७६०२६५/९८२४९७९१८५)



बिर्तामोड:
**राजकुमार श्रेष्ठ**
९८०६०१०४१०

## सम्पादकीय

# शुरु भएको शैक्षिक शत्र र सवाल

विद्यालय शिक्षा नेपालको समग्र विकासको आधारशिला हो । यस वर्षको शैक्षिक सत्र अघिल्ला वर्षहरुको तुलनामा दुई सातापछि सुरू हुनु आफैंमा चिन्ताको विषय बनेको छ । शैक्षिक सत्र ढिलो सुरू हुँदा पाठ्यक्रम समयमै पूरा गर्ने दबाब स्वाभाविक रुपमा बढेको छ । त्यसमाथि सातामा दुई दिन बिदाको ब्यवस्था कायम रहँदा उपलब्ध पठनपाठन समय अझ खुम्चिएको छ । यसले शिक्षक, विद्यार्थी र अभिभावक सबैमा अतिरिक्त चाप सिर्जना गरेको छ । यदि समय ब्यवस्थापन प्रभावकारी ढंगले गरिएन भने सिकाइ उपलब्धिमा असर पर्ने सम्भावना रहन्छ ।

यस्तो परिस्थितिमा विकल्पका रुपमा बिचमा आउने अन्य सार्वजनिक बिदा, हिउँदे तथा वर्षे बिदामा केही कटौती गरेर शैक्षिक समय सन्तुलन गर्न सकिने सम्भावना देखिन्छ । यस्ता निर्णय गर्दा विद्यार्थीको सिकाइ अवसर, शिक्षकको कार्यचाप र विद्यालय सञ्चालनको ब्यवहारिक पक्षलाई ध्यान दिनु आवश्यक हुन्छ । सरोकारवाला निकाय–शिक्षा मन्त्रालय, स्थानीय सरकार, विद्यालय ब्यवस्थापन समिति तथा अभिभावकबीच समन्वय गरी उपयुक्त समाधान खोजिनुपर्छ । समयमै पाठ्यक्रम सम्पन्न गर्नु मात्र होइन, गुणस्तरीय सिकाइ सुनिश्चित गर्नु मुख्य प्राथमिकता हुनुपर्छ ।

यसैबीच विद्यालय शिक्षा क्षेत्रमा देखिएका विभिन्न समस्याको समाधानका लागि सरकारले केही महत्वपूर्ण सर्त र मापदण्ड अघि सारेको छ । विद्यालय परिसरभित्र पुस्तक, पोशाक तथा अन्य शैक्षिक सामग्री बिक्री वितरणमा रोक लगाउने निर्णय त्यसैको एक उदाहरण हो । यसले अभिभावकमाथि पर्ने आर्थिक भार घटाउने, विद्यालयलाई ब्यापारिक केन्ऽ बन्न नदिने तथा पारदर्शिता कायम गर्ने उद्देश्य राखेको देखिन्छ । तर यस्ता नियम केवल कागजमा सीमित नभई प्रभावकारी कार्यान्वयनमा जानु अझ महत्वपूर्ण पक्ष हो। सम्बन्धित विद्यालयहरुले सरकारी निर्देशनलाई जिम्मेवारीपूर्वक पालना गर्नुपर्ने आवश्यकता छ ।

विद्यालय तहको शिक्षा ब्यवस्थापन र नियमनको प्रमुख जिम्मेवारी स्थानीय सरकारको भएको सन्दर्भमा उनीहरुको भूमिका अझ महत्वपूर्ण बन्छ । विद्यालय अनुगमन, शैक्षिक गुणस्तर सुधार, शिक्षक ब्यवस्थापन, भौतिक पूर्वाधार विकास तथा नीति कार्यान्वयनमा स्थानीय तहको सक्रियता अपरिहार्य छ । संघीय संरचनाअनुसार अधिकारसँगै जिम्मेवारी पनि स्थानीय तहमा गएको हुँदा विद्यालय शिक्षाका समस्या समाधानमा उनीहरुको सघन सहभागिता अपेक्षित छ ।

समग्रमा, ढिलो सुरू भएको शैक्षिक सत्र, बढ्दो पाठ्यभार, बिदा ब्यवस्थापन तथा नीति कार्यान्वयनका चुनौतीलाई अवसरका रुपमा लिएर सुधारको दिशा तय गर्न सकिन्छ । सरकार, विद्यालय र स्थानीय तहबीच सहकार्य, जिम्मेवारीबोध र प्रभावकारी कार्यान्वयनबाट मात्र विद्यालय शिक्षा क्षेत्रलाई ब्यवस्थित, गुणस्तरीय र उत्तरदायी बनाउन सकिन्छ ।

# ‘१०० बुँदे’ प्रतिबद्धता र दलित समुदायको सम्मानको प्रश्न



✍ निर्मल घिमिरे

सरकारले शासकीय स्वरूपलाई चुस्त, पारदर्शी र उत्तरदायी बनाउन ‘१०० काम’को सूची सार्वजनिक गरेको छ। यस सूचीभित्र दलित समुदायमाथि राज्यबाट विगतमा भएका थिचोमिचो, अत्याचार र अमानवीय विभेदप्रति औपचारिक रूपमा माफी माग्ने बुँदा समावेश हुनु एक महत्वपूर्ण र स्वागतयोग्य कदम हो। इतिहासमा भएका अन्यायलाई स्वीकार गर्नु नै सुधारको पहिलो चरण हो, र राज्यले यो साहसिक निर्णय लिएर कम्तीमा नैतिक जिम्मेवारी बोक्ने संकेत दिएको छ। यही सन्दर्भमा संसदमा सम्बोधन गर्दै रवि लामिछानेले दलित समुदायप्रति भएको व्यवहारप्रति शिर झुकाएर माफी माग्दै आगामी दिनमा न्याय, समानता र आत्मसम्मान सुनिश्चित गर्ने प्रतिबद्धता व्यक्त गर्नुले पनि यस मुद्दालाई राष्ट्रिय बहसको केन्द्रमा ल्याएको छ। यसले दलित समुदायलाई केही हदसम्म सम्मान र आशाको अनुभूति दिलाएको छ।

नेपालको सामाजिक संरचना र इतिहास हेर्दा कथित दलित समुदायको अवस्था निकै पुरानो र जटिल छ। मल्लकालदेखि नै समाजलाई सीप र पेशाका आधारमा विभाजन गर्ने अभ्यास सुरू भएको पाइन्छ। सुरूमा यो व्यवस्था राज्य सञ्चालनलाई सहज बनाउन गरिएको काम विभाजनको रूपमा देखिए पनि कालान्तरमा यसले कठोर जातीय संरचनाको रूप लियो। जुत्ता बनाउने, फलामको काम गर्ने, गहना बनाउने, नाचगान गर्ने जस्ता पेशामा संलग्न व्यक्तिहरूलाई क्रमशः ‘सार्की’, ‘लोहार’, ‘सुनार’, ‘गाइने’ आदि नाम दिइयो। यी नामहरू केवल पेशागत पहिचानका रूपमा सीमित रहन सकेनन्, बरू सामाजिक श्रेणीकरणको आधार बन्न पुगे। समयसँगै यी पेशाहरूलाई ‘तल्लो’ र ‘अछूत’ भनेर हेर्ने सोच विकास भयो, जसले समाजमा गहिरो विभाजन र असमानता सिर्जना गऱ्यो।

शाहकालमा आइपुग्दा यो विभेद अझै संस्थागत बन्यो। चार वर्णको अवधारणाले समाजलाई ‘उच्च’ र ‘निम्न’ वर्गमा स्पष्ट रूपमा विभाजन गऱ्यो। ‘शुद्र’ वर्गलाई अछूतका रूपमा व्यवहार गरिनु र उनीहरूलाई सामाजिक, धार्मिक तथा आर्थिक गतिविधिबाट वञ्चित गरिनु दीर्घकालीन अन्यायको रूप हो। आधुनिक नेपाल निर्माणका क्रममा पनि यो सोच हट्न सकेन। पृथ्वीनारायण शाहले देश एकीकरण गर्दा दलित समुदायको श्रम र योगदान लिएको इतिहास छ, तर समान अधिकार र सम्मान दिने प्रयास भने पर्याप्त रूपमा हुन सकेन। यसले दलित समुदायलाई सधैं दोस्रो दर्जाको नागरिकको रूपमा राख्ने प्रवृत्तिलाई निरन्तरता दियो।

यद्यपि नेपालले कानुनी रूपमा छुवाछुत अन्त्य भएको घोषणा गरिसकेको छ र विभेदविरूद्ध विभिन्न कानुनहरु बनेका छन्, व्यवहारमा भने स्थिति पूर्ण रूपमा परिवर्तन भएको छैन। गाउँदेखि शहरसम्म, विद्यालयदेखि कार्यस्थलसम्म, सामाजिक सम्बन्धदेखि धार्मिक क्रियाकलापसम्म विभेदका विभिन्न रूपहरु अझै देखिन्छन्। कतिपय ठाउँमा प्रत्यक्ष रूपमा छुवाछुतको अभ्यास हुन्छ भने कतिपय ठाउँमा सूक्ष्म रूपमा विभेद झल्किन्छ। यसले देखाउँछ कि कानुनी व्यवस्था मात्र पर्याप्त छैन; सामाजिक चेतना र व्यवहारमा परिवर्तन अत्यावश्यक छ।

दलित समुदायको योगदानलाई नजरअन्दाज गर्न मिल्दैन। उनीहरूको सीप, कला, संगीत, हस्तकला र श्रमले नेपाली समाजलाई समृद्ध बनाएको छ। तर विडम्बना, त्यही सीपका आधारमा उनीहरूलाई विभेदित गरियो। आज पनि यदि ती सीप र संस्कृतिलाई उचित संरक्षण र प्रवर्द्धन गर्न सकियो भने दलित समुदाय आर्थिक र सामाजिक रूपमा सशक्त बन्न सक्छ। राज्यले आरक्षण, छात्रवृत्ति, सीप विकास र अन्य उत्थानका कार्यक्रम ल्याएको भए पनि ती कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन चुनौतीपूर्ण देखिन्छ। कतिपय अवस्थामा लक्षित वर्गसम्म अवसर नपुग्नु, वा नेतृत्व तहमा रहेका व्यक्तिहरूले नै स्रोतहरूको दुरूपयोग गर्नु जस्ता समस्याहरु देखिएका छन्।

सामाजिक व्यवहारमा अझै विद्यमान विभेदका उदाहरणहरु अत्यन्तै पीडादायी छन्। एउटै व्यक्तिले जुटाएको सामग्रीबाट बनेको खाना ‘उपल्लो जात’का मानिसले खान नमिल्ने तर त्यही खाना अर्को व्यक्तिले पकाएपछि खान मिल्ने जस्ता विरोधाभासी व्यवहारहरु आज पनि देखिन्छन्। यस्तो व्यवहारले मानवताको आधारभूत मूल्यलाई नै चुनौती दिन्छ। अझ विडम्बनापूर्ण कुरा, जीवनरक्षक अवस्थाहरूमा–जस्तै रगत चढाउँदा–कसैले जात सोध्दैन, तर सामान्य जीवनमा भने त्यही मानिसलाई विभेद गरिन्छ। यसले हाम्रो सामाजिक सोच कति विरोधाभासी छ भन्ने स्पष्ट पार्छ ।

व्यक्तिगत अनुभवहरूले पनि यो यथार्थ झल्काउँछन् । कतिपय अवस्थामा दलित समुदायका व्यक्तिहरु आफैं ‘उपल्लो जात’का मानिससँग घुलमिल हुन हिच्किचाउँछन्, किनभने उनीहरूलाई अस्वीकृत हुने डर हुन्छ । यस्तो मनोविज्ञान समाजले नै सिर्जना गरेको हो । तर जब कोही व्यक्तिले विभेदको विरूद्ध उभिएर समान व्यवहार देखाउँछ, त्यसले सकारात्मक परिवर्तन ल्याउन सक्छ। सानो प्रयासले पनि ठूलो प्रभाव पार्न सक्छ भन्ने कुरा यस्ता अनुभवहरूले देखाउँछन् ।

विभेदको अर्को महत्वपूर्ण पक्ष मनोवैज्ञानिक हो। धेरै दलित समुदायका व्यक्तिहरूले आˆनो पहिचानप्रति हिनताबोध महसुस गर्ने गरेका छन्। सामाजिक सञ्जालमा पूरा नाम नलेख्ने, थर लुकाउने वा परिवर्तन गर्ने प्रवृत्ति यसको उदाहरण हो । यो उनीहरूको व्यक्तिगत कमजोरी होइन, बरू समाजको दृष्टिकोणको परिणाम हो । अझ दुखद कुरा, विभेदको यो मानसिकता दलित समुदायभित्रै पनि देखिन्छ, जहाँ एक समूहले अर्को समूहलाई तल्लो ठान्ने प्रवृत्ति कायम छ । यसले देखाउँछ कि विभेद केवल बाह्य समस्या होइन, यो गहिरो रूपमा मानसिक र सांस्कृतिक संरचनामा जरा गाडेर बसेको छ ।

समस्याको मूल जरो सामाजिक मानसिकता हो। जबसम्म मानिसले मानिसलाई समान रूपमा हेर्ने संस्कार विकास हुँदैन, तबसम्म कुनै पनि कानुन वा नीति प्रभावकारी हुन सक्दैन । शिक्षा, सचेतना र व्यवहार परिवर्तनमार्फत मात्र दीर्घकालीन समाधान सम्भव छ । विद्यालयस्तरबाटै समानता, मानव अधिकार र सामाजिक न्यायका मूल्यहरु सिकाउन आवश्यक छ। परिवार र समुदायले पनि विभेदमुक्त व्यवहार अपनाउनुपर्छ ।

अन्ततः, ‘दलित’ भन्ने शब्द आफैंमा विभेदको संकेतक बनेको छ। यसले कुनै समुदायलाई स्थायी रूपमा पीडित र कमजोर रूपमा चित्रण गर्छ। त्यसैले दीर्घकालीन रूपमा समानता स्थापना गर्न भाषिक र मानसिक दुवै स्तरमा परिवर्तन आवश्यक छ। जबसम्म शब्द र सोच दुवै परिवर्तन हुँदैनन्, तबसम्म व्यवहारमा पनि परिवर्तन आउन गाह्रो हुन्छ ।

२१औं शताब्दीमा आइपुग्दा पनि जातीय विभेद कायम रहनु हाम्रो सामाजिक विकासका लागि गम्भीर चुनौती हो। विश्व विज्ञान, प्रविधि र मानव अधिकारका क्षेत्रमा तीव्र रूपमा अघि बढिरहेको छ, तर हामी अझै पुरानो सोच र परम्परामा अल्झिएका छौं। अब समय आएको छ–इतिहासका गल्तीहरु स्वीकार गर्दै, समानता र मानवताको आधारमा नयाँ समाज निर्माण गर्ने ।

यसका लागि राज्यको नीति, कानुन र कार्यक्रम महत्वपूर्ण छन्, तर त्यसभन्दा बढी आवश्यक छ–व्यक्तिगत चेतना र व्यवहार परिवर्तन। प्रत्येक नागरिकले आˆनो सोच र व्यवहारमा परिवर्तन ल्याउन सके मात्र वास्तविक समानता सम्भव हुन्छ । समाज परिवर्तनको सुरूवात सधैं व्यक्तिबाटै हुन्छ। जब प्रत्येक व्यक्तिले विभेदको विरोध गर्छ र समानताको पक्षमा उभिन्छ, तब मात्र समतामूलक र न्यायपूर्ण समाज निर्माण हुन सक्छ । राजधानीबाट

# जुट मिलबाट अनाधिकृत बस्ती एक साताभित्र हटाउने तयारी

**विराटनगर/** विराटनगर जुट मिलको जग्गा ओगटेर अनधिकृत रूपमा बसोवास गरिरहेकालाई आगामी एक साताभित्र हटाइने भएको छ । जुटमिलको हडताली हाट क्षेत्र, दक्षिण गेट, हरिनगरा भट्टा क्षेत्रमा अनधिकृत रूपमा बसोवास गरिरहेका परिवारलाई हटाइने भएको विराटनगर जुटमिल सञ्चालक समितिका अध्यक्ष राजेन्द्र कार्कीले जानकारी दिए। जुटमिलको करिब १४ बिघा क्षेत्रफलमा अतिक्रमण गरी करिब ६ सय घरपरिवार बसोवास गरिरहेका छन्।

यसैगरी जुटमिलको सडक किनारा क्षेत्रमा भाडा नतिरी विगतदेखि पसल व्यवसाय सञ्चालन गरिरहेकाहरूलाई समेत हटाइने भएको छ। सडक किनारा क्षेत्रमा भाडा नतिरी करिब ३० वटा पसल व्यवसाय सञ्चालनमा रहेको बताइएको छ।

सङ्घीय सरकारको निर्णयानुसार आगामी एक साताभित्र अनधिकृत रूपमा बसोवास गरिरहेका परिवारहरु र भाडा नतिरी पसल व्यवसाय सञ्चालन गरिरहेकाहरूलाई हटाउने प्रक्रिया अघि बढिसकेको उनले बताए। भाडा तिरेर पसल व्यवसाय गरिरहेकाहरूलाई वैकल्पिक व्यवस्था गरिने र नतिर्नेहरूलाई प्रशासनको सहयोग लिएर असुल गरिने उनले बताए।

मिलको अतिक्रमित जग्गामा केही व्यक्ति मिलेर गार्मेन्ट उद्योग सञ्चालन गरिरहेका छन्। जुटमिलमा कार्यरत कर्मचारीका लागि बनाइएको आवास अवकाशपछि पनि नछाड्ने र धेरै बाहिरी व्यक्तिले अतिक्रमित गरेर बसोवास गरिरहेको प्रशासन प्रमुख श्याम लामाले जानकारी दिए।

विराटनगर जुटमिल १९९३ सालमा स्थापित नेपालको पहिलो उद्योग हो। पछिल्लो पटक २०७० सालदेखि यो बन्द छ। संरक्षण अभावमा उद्योगका धेरै सामान चोरी हुनाका साथ लामो समयदेखि प्रयोगविहीन हुँदा मेसिन खिया लागेर काम नलाग्ने अवस्थामा पुगेको छ ।

रबर स्ट्याम्प बनाउने ठाउँ
बिजि स्टेशनरी एण्ड छापाखाना
दमक-६, मोबाइल लाईन ।
९८०१४१४५२६/९८४३०३४५२६

# शिपयुक्त हातसँगै सुरक्षित भविष्य



✍ दीपिका शर्मा

एसइई दिएर बसेका धेरै विद्यार्थीका लागि ‘अब के पढ्ने ?’ भन्ने प्रश्नले पछ्याइरहेको हुन्छ। छोटो समयमा सिप सिकेर आफ्नो व्यक्तिगत, घरपरिवार, समाजसँगै देशको समृद्धिका लागि केही गर्नु छ भन्ने चाहना छ ? छ भने अब तपाईंहरूका लागि प्राविधिक तथा व्यावसायिक शिक्षा रोज्नु नै उत्तम विकल्प हुने छ। प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्रु परीक्षा नियन्त्रण कार्यालयले परिषद् अन्तर्गत सञ्चालन हुने प्री डिप्लोमा तथा डिप्लोमा तहका प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रममा अध्ययन गर्न इच्छुक विद्यार्थीका शिक्षालयमा भर्ना हुन व्यवस्थित र समयबद्ध बनाउने प्रयासस्वरूप शैक्षिक सत्र २०८३/८४ का लागि प्रवेश प्रक्रिया तथा भर्नासम्बन्धी मार्गदर्शन जारी गरेको छ। यस वर्षको भर्नासम्बन्धी मार्गदर्शनले विद्यार्थीलाई प्राविधिक शिक्षाका कार्यक्रममा भर्ना हुन सहज बनाउने उद्देश्यसाथ एसइईको नतिजा प्रकाशन भएको दिनबाट नै भर्ना हुन सक्ने गरी नीति तथा कानुनी प्रबन्ध गरेको छ ।

एसइई दिएका विद्यार्थी पढ्दै, सिक्दै र छोटो समयमा छिटो कमाउने बन्न चाहनुहुन्छ ? चाहनुहुन्छ भने परिषद् अन्तर्गत सञ्चालित प्री डिप्लोमा तहका कार्यक्रम तपाईंका लागि उत्कृष्ट विकल्प हुन सक्छन् । यस तहमा १९ वटा प्राविधिक तथा व्यावसायिक शिक्षाका कार्यक्रम सञ्चालित छन् । सिप सिक्दै काम गर्ने संस्कृतिको विकास गर्न यसप्रकारका कार्यक्रमको निकै महत्व छ । कृषितर्फ पशु विज्ञान, बाली विज्ञान, पशुपालन तथा पशु स्वास्थ्य, चिया प्रविधिका कार्यक्रम सञ्चालन छन् । इन्जिनियरिङतर्फ अटोमोबाइल, सिभिल, कम्प्युटर, विद्युत्, इलेक्ट्रोनिक्स, मेकानिकल, रेफ्रिजेरेसन तथा एयर कन्डिसनिङ र सर्भे इन्जिनियरिङ, सूचना प्रविधि तथा कार्यालय व्यवस्थापनतर्फ कम्प्युटर एप्लिकेसन तथा सचिवालय व्यवस्थापन र सूचना प्रविधिका कार्यक्रम सञ्चालनमा छन् । होटेल सेवा तथा आतिथ्य क्षेत्रतर्फ होटेल व्यवस्थापन, पाककला, सामाजिकतर्फ प्रारम्भिक बालविकास (इसिडी) र सामाजिक परिचालनका कार्यक्रम सञ्चालन हुँदै आएका छन् । यस तहका कार्यक्रममा एसइईमा सहभागी सबैले भर्ना भई अध्ययन गर्न पाउँछन् ।

एसइईपछि व्यावहारिक र सुरक्षित भविष्य खोज्दै हुनुहुन्छ ? तपाईंलाई पढाइ, सिपसँगै करिअर र करिअरसँगै आत्मनिर्भर हुन परिषद् अन्तर्गत सञ्चालित लामो अवधिका डिप्लोमा तहका ३४ वटा प्राविधिक तथा व्यावसायिक शिक्षाका कार्यक्रम सञ्चालित छन् । कृषि तथा वन सङ्कायतर्फ पशु विज्ञान, वनस्पति विज्ञान, कृषि इन्जिनियरिङ र वन विज्ञानका कार्यक्रम सञ्चालन हुँदै आएका छन् । खाद्यतर्फ फुड तथा डेरी टेक्नोलोजीको कार्यक्रम सञ्चालन हुँदै आएको छ । इन्जिनियरिङ सङ्कायतर्फ आर्किटेक्चर, अटोमोबाइल, सिभिल, सिभिल हाइड्रोपावर, कम्प्युटर, इलेक्ट्रिकल, इलेक्ट्रोनिक्स, इलेक्ट्रिकल एन्ड इलेक्ट्रोनिक्स, जियोमेट्रिक्स, मेकानिकल, मेकाट्रोनिक्स, रेफ्रिजेरेसन तथा एयर कन्डिसनिङ, बायोमेडिकल इन्जिनियरिङका कार्यक्रम सञ्चालित छन् । सूचना प्रविधि र कम्प्युटर इन्जिनियरिङका कार्यक्रम पनि सञ्चालन हुँदै आएका छन् ।

डिप्लोमा तहमा स्वास्थ्य सङ्कायतर्फ नर्सिङ, जनरल मेडिसिन (एचए) मिडवाइफरी, फार्मेसी, मेडिकल ल्याब टेक्नोलोजी, रेडियोग्राफी, डेन्टल साइन्स, फिजियोथेरापी, अप्थाल्मिक साइन्स, सामान्य आयुर्वेद चिकित्सा, अकुपङ्चर तथा मोक्सिबस्टन, योग तथा प्राकृतिक चिकित्साका कार्यक्रम सञ्चालित छन् । परिषद्बाट सञ्चालित स्वास्थ्य सङ्कायतर्फका यी कार्यक्रम अध्ययन गर्न एसइई परीक्षामा न्यूनतम २ जिपिए ल्याउने विद्यार्थीले प्रवेश प्रक्रियामा सहभागी हुन पाउने छन् । यस सङ्कायका कार्यक्रम अध्ययन गर्न विद्यार्थीले परीक्षा नियन्त्रण कार्यालयले तोकेको अनलाइन आवेदन फारम भर्नुपर्ने हुन्छ । एसइई परीक्षाको नतिजा प्रकाशन भएको दिनबाट नै १५ दिनसम्म आवेदकको आवेदन सङ्कलन हुने व्यवस्था गरिएको छ । आवेदन सङ्कलनको समयसीमा सकिएपश्चात् सफ्टवेयर प्रणालीबाट नै प्रशिक्षार्थीले एसइईमा प्राप्त स्तरीकृत अङ्कका आधारमा योग्यताक्रमसहितको नतिजा प्रकाशन हुने र सोको क्रमानुसार शिक्षालयले भर्ना गर्नुपर्ने व्यवस्था गरिएको छ । यसरी योग्यताक्रम निर्धारण गर्दा सामुदायिक विद्यालयका विद्यार्थीलाई एक र संस्थागत विद्यालयकालाई ०.८५ अङ्क थप गरिने प्रावधान छ । जिपिए बराबर भएमा क्रमशः गणित, विज्ञान र अङ्ग्रेजी विषयको स्तरीकृत अङ्कका आधारबाट निर्धारण हुने छ । यसमा पनि अङ्क बराबर भएमा पिछडिएको तथा दुर्गम क्षेत्रबाट एसइई उत्तीर्ण हुने विद्यार्थीले अवसर पाउने नीतिगत व्यवस्था गरिएको छ । यसबाट पनि योग्यताक्रम निर्धारण हुन नसके विद्यार्थीको जन्ममितिका आधारमा बढी उमेर हुनेले अध्ययनको अवसर पाउने छन् । स्वास्थ्यका कार्यक्रममा अवलम्बन गरिएको एसइईको जिपिएका आधारबाट योग्यताक्रम निर्धारण गरी भर्ना गर्ने प्रक्रियाले भर्ना प्रक्रियालाई निष्पक्ष, पारदर्शी र व्यवस्थित बनाउने सन्देश दिएको छ । आवेदन सङ्कलनदेखि योग्यताक्रम निर्धारणसम्मका सम्पूर्ण प्रक्रिया सफ्टवेयर प्रणालीमार्फत सञ्चालन हुनेछ । परिषद् अन्तर्गत सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षाका कार्यक्रममा विपन्न तथा लक्षित वर्गका विद्यार्थीलाई छात्रवृत्तिका अवसरसमेत छन् । परिषद्का आङ्गिक शिक्षालयमा विगतका वर्षदेखि नै नेपाल सरकारबाट प्राप्त बजेटमा आधारित विपन्न दलित, मुस्लिम तथा सीमान्तकृत समुदायलाई निर्वाह भत्तासहित निःशुल्क शिक्षा प्रदान गर्दै आएको छ । परिषद् अन्तर्गतका सबै शिक्षालयमा सञ्चालित कार्यक्रममा भर्ना क्षमताको १० प्रतिशत जेहेनदारसहित वर्गीकृत छात्रवृत्तिको प्रावधान छ । प्राविधिक शिक्षामा आफ्नो भविष्य बनाउन चाहने विद्यार्थीका लागि यी कार्यक्रममा भर्ना भई अध्ययन अवसरसमेत छ ।

अब विद्यार्थीले पढाइ मात्र होइन, सिकाइसँगै कमाइ गर्न सक्ने प्राविधिक तथा व्यावसायिक शिक्षाका कार्यक्रम रोज्नु उपयुक्त हुने छ । यस धारका शिक्षाले विद्यार्थीलाई कक्षाकोठामा मात्र सीमित नराखी उद्योग, व्यवसाय र कार्यस्थलमा सिक्ने अवसर दिने छ । जसले विद्यार्थीलाई तुरुन्त रोजगारयोग्य बनाउन आधार र सहयोग पुग्ने छ । समुन्नत नेपाल निर्माणका लागि कृषि, पर्यटन, निर्माण, जलविद्युत्, डिजिटल सेवामा आधारभूत तथा मध्यमस्तरीय प्राविधिक जनशक्तिको माग उच्च छ ।

आजको समयले डिग्रीभन्दा सिप खोजिरहेको छ । हाम्रो देशमा निर्माण, जलविद्युत्, कृषि, सूचना प्रविधि, स्वास्थ्य, होटेल तथा सेवाक्षेत्रमा सिपयुक्त प्राविधिक जनशक्ति खाँचो छ । यस क्षेत्रमा रोजगारीका अवसर प्रशस्त छन् । परिषद् अन्तर्गत सञ्चालित छोटो तथा लामो अवधिका प्राविधिक कार्यक्रमले विद्यार्थीलाई रोजगार तथा स्वरोजगार हुन सहयोग पुग्ने छ ।

एसइई दिएर बसेका विद्यार्थी अब अलमलिनु हुन्न । कुनै प्रवेश परीक्षाको झन्झट र प्रक्रियागत ढिलाइबिना प्रवेश योग्यता भएका प्राविधिक शिक्षाका कार्यक्रममा सहभागी भई सिपमूलक शिक्षामा भर्ना हुने र छिटो आत्मनिर्भर बन्ने मार्ग तय गर्नु उपयुक्त हुने छ । यसका लागि बलियो आधार नै प्राविधिक तथा व्यावसायिक शिक्षा हो । आजको समय काम गर्न सक्ने क्षमता र सिप प्राप्त गर्नु नै सही पुँजी निर्माण गर्नु हो । प्राविधिक शिक्षा रोज्नु केवल एक विषय मात्र रोज्नु होइन, आफ्नो जीवनलाई आत्मनिर्भर र सम्भावनाले भरिएको बाटोतर्फ मोड्ने निर्णय हो । गोप

# क्याफे व्यवसायमा नायीका




पछिल्लो समय आम जनता पार्टीसँग आबद्ध भएर राजनीतिमा सक्रिय अभिनेत्री एलिजा गौतम क्याफे व्यवसायमा लागेकी छन् । उनले काठमाडौं अनामनगर केन्द्र पारेर सोमबारबाट नयाँ व्यवसाय 'स्टार बोस कफी सप' सुरू गरेकी हुन् । आठ वर्षअघि चलचित्र 'अनुराग'मा शीर्षभूमिका निभाएर अभिनेत्रीका रूपमा रजतपट उत्रिएकी एलिजाले नायिकाको अवसर पाएकी छैनन् । त्यसपछि कहिलेकाहीँमात्रै म्युजिक भिडियोमा मोडलिङ गर्दै आएकी उनी प्राइम टेलिभिजनको सञ्चालकसमेत हुन् । कफी सप उद्घाटनक्रममा विगतमा आफूले धेरै कफीसप उद्घाटन गरे पनि अहिले आफैं कफीसपको मालिक भएको सुनाइन् । 'मेरो कमाइ र पकेट खर्चबाट बचेको रकमबाट कफी सप सुरू गरेकी हुँ,' उनी भन्छिन्, 'साझेदारीमा कफीसप सञ्चालन गरेकी छु ।'

सधैंजसो विभिन्न मिटिङका साथै साथीसँग जमघटका लागि कफीसप आवश्यक परेका कारण पनि आफैंले 'स्टार बोस कफी सप' सञ्चालन गरेको पनि उनले प्रस्ट पारिन् । यसबाट आर्थिकरूपमा निर्भर बनाउने उनको विश्वास छ ।

त्यसो त, अभिनेत्री एलिजामात्र होइन, अन्य नेपाली अभिनेत्री पनि पछिल्लो समय क्याफे तथा चिया, कफी व्यवसायमा लागेका छन् । यीमध्ये अभिनेत्री श्वेता खड्का निकै अघि छिन् । एक दशकदेखि 'हिमालयन जाभा कफी'को 'फ्रेन्चाइज' लिएर उनी यस व्यवसायमा सक्रिय छिन् ।

विवाहपछि सन्तान हुर्काउँदै गरेकी श्वेता पछिल्लो समय चलचित्र तथा मोडलिङमा सक्रिय छैनन् । उनी पूर्णरूपमा व्यवसायकेन्द्रित छिन् । पेसाले अभिनय र इन्जिनियर भए पनि उनले आफूलाई सफल महिला व्यवसायीका रूपमा चिनाउँदै आएकी छन् । काठमाडौं राइजिङ मल दरबारमार्ग, मार्को पोलो होटल कमलपोखरी, बालुवाटारलगायत क्षेत्रमा 'हिमालयन जाभा कफी सप' तथा फुड व्यवसाय सञ्चालन गर्दै आएकी श्वेता यस व्यवसायमा सफल मानिन्छन् ।

अर्की अभिनेत्री रेखा थापा पनि अभिनयसँगै व्यावसायिक क्षेत्रमा पनि सक्रिय छिन् । चालू वर्षबाट 'फिल्ली' ब्रान्डको कफी सप सञ्चालन गर्दै आएकी रेखाको 'फिल्ली' क्याफे सञ्चालनमा छ । पछिल्लो समय राजनीतिमा केही निष्क्रिय उनी चलचित्रमा भने पुनः सक्रिय हुँदै छिन् । आफ्नो लगानीमा रेखाले चलचित्र '३६ को आँकडा' तयार गरेकी छन् । यस चलचित्रको प्राविधिक कार्य भइरहेको छ । रेखाले हालै 'माया भनेको यस्तै होला'समेत निर्देशन गरेकी छन् । यो चलचित्र आगामी २६ भदौमा रिलिज हुँदै छ ।

चलचित्र निर्माण, निर्देशन अभिनयसँगै स्थायी व्यवसायका लागि 'फिल्ली' कफी सप सञ्चालन गर्दै आएको रेखा बताउ"छिन् । स्थायी व्यवसायले आर्थिक रूपमा अझ सजिलो हुने भएकाले यो क्षेत्र अपनाएको उनको कथन छ ।

त्यस्तै, अभिनेत्री वर्षा राउत पनि कफी तथा चिया व्यवसायमा आबद्ध छिन् । पति सञ्जोग कोइराला र अन्य चलचित्रकर्मीसँगको साझेदारीमा उनले काठमाडौंका विभिन्न स्थानमा 'चिया अड्डा' सञ्चालन गर्दै आएकी छन् । केही वर्षयताबाट 'चिया अड्डा' काठमाडौंमा चिया तथा कफी पारखीका लागि जमघटको राम्रो थलो बनेको छ । यसका 'फेन्चाइज' काठमाडौं, भक्तपुर र ललितपुरमा समेत छन् ।

अर्की अभिनेत्री पूजा शर्मा तीन वर्षयताबाट कफी एवं क्याफे व्यवसायमा छिन् । विवाहअघिदेखि नै प्रेमी युद्ध बानियाँसँग मिलेर तीन वर्षअघिबाट ललितपुर झम्सिखेलमा उनले 'ह्यासट्याग' क्याफे सञ्चालन गरेकी हुन् । यो क्याफेको नाम अहिले 'ट्याग' राखिएको छ । कफी पारखीका लागि झम्सिखेलको 'ट्याग' क्याफे राम्रो जक्सन बनेको अभिनेत्री पूजाको दाबी छ । युद्ध बानियाँसँग यसै वर्ष विवाह गरेकी पूजा विवाहपछि क्याफे व्यवसायसँगै अभिनय र चलचित्र निर्माणमा पनि छिन् ।

# मेची राजमार्ग आंशिक बन्द हुने

**दमक/** मेची राजमार्गको विभिन्न खण्डहरूमा मर्मत तथा पहिरो नियन्त्रणका कार्यहरु गर्नुपर्ने भएकाले आगामी वैशाख १८ गतेदेखि २५ गतेसम्म सडक आंशिक रूपमा बन्द हुने भएको छ । जिल्ला प्रशासन कार्यालय इलामले एक सूचना जारी गर्दै राजमार्गका केही जोखिमपूर्ण खण्डहरूमा काम गर्दा हुन सक्ने सम्भावित दुर्घटना न्यूनीकरण र निर्वाध रूपमा काम गर्ने वातावरण मिलाउन सडक बन्द गर्ने निर्णय गरिएको जानकारी दिएको छ । सूचना अनुसार, मेची राजमार्गको राजदुवाली स्थित पुरानो स्टिल ट्रस पुलको मर्मत कार्य, राजदुवाली खण्डको पहिरो नियन्त्रण र रोङ गाउँपालिका स्थित बाघखोर सडक खण्डमा भित्ताको कडा चट्टान काट्ने कार्यका लागि सडक बन्द गर्न लागिएको हो ।

यी कार्यहरु गर्दा मेसिनरी उपकरणहरूको प्रयोग गरिने र ढुङ्गाहरु खस्ने जोखिम हुने भएकाले सुरक्षा संवेदनशीलतालाई ध्यानमा राख्दै यो कदम चालिएको प्रशासनले जनाएको छ । सडक डिभिजन इलामको अनुरोध र जिल्ला सुरक्षा समितिको बैठकको निर्णय बमोजिम वैशाख १८ गतेदेखि २५ गतेसम्म प्रत्येक दिन बिहान ९:३० बजेदेखि बेलुका ५:०० बजेसम्म उल्लेखित खण्डहरूमा सवारी आवागमन पूर्ण रूपमा बन्द रहनेछ । सडक बन्द रहेको समयमा यात्रु तथा सवारी चालकहरूका लागि जिल्ला प्रशासन कार्यालयले वैकल्पिक मार्गहरु प्रयोग गर्न सुझाव दिएको छ ।

राजदुवाली सडक खण्डको विकल्पका रूपमा मेची करिडोर (गोलाखर्क-बेलासे) वा सिमलगोलाई-तिल्केनी सडक प्रयोग गर्न सकिनेछ। बाघखोर सडक खण्डका लागि साना सवारी साधनहरूले हाँसपोखरी-हापेन चोक सडक प्रयोग गर्न सक्नेछन् ।

सहायक प्रमुख जिल्ला अधिकारी राजुप्रसाद पौडेलद्वारा हस्ताक्षरित सूचनामा विकास निर्माण र सुरक्षाका लागि चालिएको यो कदममा सहयोग पुऱ्याउन सर्वसाधारणलाई आग्रह गरिएको छ । सडक मर्मतको समयमा वैकल्पिक मार्ग प्रयोग गरी आˆनो यात्रा तय गर्न र सम्भावित सास्तीबाट जोगिन प्रशासनले अनुरोध गरेको छ ।

स्वास्थ्य जानकारी



# स्वास्थ्यका दृष्टिकोणले लाभदायी **बेल**

पाकेको बेल खानाले शरीरलाई निकै फाइदाजनक हुन्छ साथै यसले शरीरमा शक्ति प्रादान गर्छ र विभिन्न रोग लाग्नबाट बचाउँछ । बाहिरी आवरण एकदम कडा हुने यो फल भित्र ८-१५ वटा कोठाहरू हुन्छन्, जसमा बीउ र सुन्तला रङको भित्रीभाग हुन्छ । यसको प्रयोग हुने भाग फल, जरा र पातहरू नै हुन् ।

नेपालमा बेल पूर्वदेखि पश्चिमसम्म करिब ११०० मिटरसम्मको उचाइमा पाइन्छ । हाल बेलको उन्नत जातका बिरुवाको खेती गर्ने चलन पनि छ ।बेलको जरा आयुर्वेदिक औषधीय पद्धतिमा तयार गरिने 'दसमूल' मा प्रयोग गरिन्छ । नपाकेको फल झाडापखाला र आउँमा उपयोगी मानिन्छ भने पाकेको फल कब्जियतमा प्रयोग गरिन्छ । यसको पात, फल र जरा मधुमेह रोगमा उपयोगी हुने कुरा हालका केही प्रयोगहरूले सिद्ध गरिदिएका छन् । यसको पाकेका फलको गुदीबाट सर्बत पनि बनाउने गरिन्छ । अंग्रेजीमा उड एपल, एलिफेन्ट एपल, मंकी फ्रुट भनेर चिनिने यो फलको जुस र जाम बनाएर प्रयोग गर्ने गरेको पाइन्छ । बेलबाट विभिन्न मिठाइ तथा केक पनि बनाउन सकिन्छ ।

**के-के पाइन्छ बेलमा ?**

कार्बोहाइडेड ३१.८ एमजी, चिल्लो पदार्थ ०.३ एमजी, प्रोटिन १.८ एमजी, भिटामिन ५५ एमजी, भिटामिन सी ६० एमजी, क्याल्सियम ८५ एमजी, पोटासियम ६०० एमजी, फाइबर २.९ एमजी, शक्ति १३७ केजी क्यालोरी ।

**कसरी खाने बेल ?**

बिहान खाली पेटमा पानीमा मिसाएर बेलको पात या रस पिउन सकिन्छ । सलादको रुपमा खाना खानुअघि खान सकिन्छ । नियमित रुपमा मात्रा मिलाएर जुस पिउन सकिन्छ । डेजर्टको रुपमा खानाको अन्तिम समयमा पनि बेलको मात्रा लिन सकिन्छ । बेलको जाम पनि मात्रा मिलाएर नियमित लिनाले फाइदा पुऱ्याउँछ ।

**बेलका फाइदा**

- शरीरमा उब्जने विकार रगतलाई शुद्धीकरण गर्न बेल फल उत्तम मानिन्छ ।
- कानसम्बन्धी समस्या भएकाहरुका लागि बेल गुणकारी मानिन्छ ।
- पेटसम्बन्धी अल्सरको समस्या हुनेका लागि बेल अमृत समान मानिन्छ ।
- युरिक एसिड हुनेका लागि पनि बेलले धेरै राहत दिन्छ ।
- अन्य फलको तुलनामा बेलमा धेरै कम कोलेस्टेरोल हुने हुँदा स्वस्थ्यका लागि हितकारी मानिन्छ ।
- नुन, बेसार, तेल बेलमा मिसाएर दाँत माँझ्नाले गिजासम्बन्धी समस्या निदान गर्छ ।
- आधा चम्चा बेलको फूल पानीसँग खाने गरेमा एक दुई मात्राले नै बमन रोक्न मद्दत हुन्छ ।
- बेलपत्रको धूलो एक चम्चामा एक चम्चा मह मिसाएर खाएमा रुघा, खोकी र ज्वरो पनि ठीक हुन्छ ।
- बेलको एक मुठी पात पानीमा पिनेर मिस्री हालेर खाएमा झाडापखाला निको हुन्छ ।
- बेलपत्रको रस नित्य एक-एक चम्चा बिहान-बेलुका पिउने गरेमा अजीर्ण, पुरानो आउँ रगत आदि रोग ठिक हुन्छ ।
- बेलपत्रको धूलो एक चम्चामा एक चम्चा मह मिसाएर बिहान बेलुका खाने गरेमा दमको रोग निमन हुँदै जान्छ ।
- सुकाएको बेलको बोक्रा कुटेर बिहान-बेलुका एक-एक चम्चा हालेर काँडा पकाएर खाने गरेमा पेटसम्बन्धी सम्पूर्ण रोग ठीक हुन्छ ।
- अमिलो पानी आउने, चिया खानै नहुने रोगीले पनि नियमित बेलको धुलोको काँडा खाने गरेमा पित्तको रोग ठिक हुन्छ ।
- बेलको सेवनले खाना पचाउन मद्दत गर्नुका साथै शरीरलाई शक्ति प्रदान गर्छ ।
- यसले बच्चाको पेटमा भएका किरा नष्ट पार्नुका साथै बच्चाको हड्डी बलियो बनाउनमा मद्दत गर्छ ।

# जीवन के हो ?



✍ डा. लेखनाथ नेउपाने

जीवन जन्मदेखि मृत्यु बीचको चेतन अवस्था हो, चेतन अवधी हो, यात्रा हो जसमा वृद्धि, विकास, पाचन र अनुभवको सार हुन्छ । वैज्ञानिक दृष्टिकोणले भन्दा यो अस्तित्वको एउटा प्रकृया हो जो सजिवलाई निर्जिवबाट अलग गर्छ । दार्सनिक रूपमा जीवन भनेको भावना, कर्म र स्यमले जानेको एउटा निरन्तर यात्रा हो । शास्त्रका अनुसार भगवानको अंश, आनन्द, सञ्चित कर्मफलको निरन्तरता र अमुल्य उपहार हो । शव्दकोषका अनुसार बाची रहनु, प्राण धारण गर्नु, जिवित अवस्था नै जीवन हो । बैज्ञानिक मत अनुसार जीवनको अर्थ कोशिकाहरूको संगठन, उर्जाको उपयोग, विकास र पर्याविरणप्रति अनुकुल अवस्था हो ।

दार्शनिक विचारमा जीवन केवल सासा लिने र फ्याक्ने, दैनिक काम र यौन मात्र नभएर भावना, खुसी र दुःखको सङ्गम पनि हो । साथमा कर्मको आधारमा उन्नती र प्रगती पनि हो । जीवन भनेको अनुभवको संचय र मानवीय चेतना विकास गर्ने पनि हो । जीवन भनेको स्यम जीउने कला हो । सासको धन हो । स्वतन्त्रता हो । सिक्ने र सिाउने खुल्ला किताब हो । कर्म, इच्छा, सुख-दुःख अनुभव गर्ने पक्ष हो । जन्म लिने र मर्ने चक्र हो ।

जीवनको सार भनेको आफ्नो स्वभावमा बाच्ने हो, अनुभवलाई सार्थकता दिने हो । औषधि विज्ञानका अनुसार दुई अलग कोष(शुक्रकिट र अण्ड) मिलेर अनेक सर्घष गर्दै ९ महिनमा आमाको गर्भबाट बाहिर आएर एउटा अलग पहिचान र अस्तित्व कायम गर्ने व्यवस्था हो जीवन ।

अर्को अर्थमा जीवन इश्वरको प्रतिबिम्ब हो जसलाई सर्वशक्तिमान मानिन्छ । जीवन एउटा प्रकाश हो जो आफु जलेर पनि अरूलाई उज्यालो प्रदान गर्न सक्छ, ज्ञान र उर्जा भरिदिन सक्छ । त्यो अनन्त ज्ञान अथवा उज्यालो केहि नभएर आत्मा हो जसले परमात्मासँग जोड्छ ।

आत्मा जब शरीर र मनसँग जोडिन्छ, त्यसलाई जीव अथवा जीवन भनिन्छ ।

जीवनलाई चलायमान राख्ने श्वासले हो श्वास चलुन्जेल जीवन रहन्छ । त्यसैले शरीर र आत्मा बीचको सेतु श्वास हो । छोटोमा भन्दा श्वास(प्राणबायु) जीवन हो, जसको अनुपस्थितीले जीवन लासमा परिणत गराउँछ ।

जीवन एउटा सुन्दर प्राकृतिक उपहार र अवसर हो । हामी चाहेर जन्मिएका हुँदैनौ, चाहदैमा जन्मिदैनौं र चाहदैमा मर्दैनौं । जन्म सबैभन्दा ठूलो संयोग हो । आविश्कार हो । प्रकृतिको सुन्दर र अनुपम सिर्जना हो । दार्शनिक ओशो रजनिसका अनुसार जन्म त पाइन्छ तर जीवन भने खोज्नु पर्दछ । जीवनको खोजी गर्नु एउटा कला हो । यसको अर्थ जीवन जिउनु अर्थात भोग्नुमा हुन्छ । यसको कुनै परिभाषा हुँदैन । भोगाई सत्य हुन्छ, मात्र अनुभव रहन्छ ।

खप्तड बाबाका अनुसार जस्तो सोच त्यस्तै जीवन । हो, सोच अनुसारको जीवन बनाउन सकिन्छ । केहि अपबाद बाहेक जीवनको केन्द्र भनेकै सोच र विचार हो ।

जीवन के हो भन्ने प्रश्न गम्भिर छ । जीवनको सार्थकता नै तत्वज्ञानसम्म पुऱ्याउने बाटो हो । वास्तविक जीवन बुझ्ने माध्यम हो तत्वज्ञान । जीवनको वास्तविक अर्थको खोजी नै तत्वज्ञान हो । यसका लागि ब्रहाण्ड विधा र सत्व शास्त्रको अध्यायन र त्यसभित्रको अनुभवको आवश्यकता पर्छ । सम्पूर्ण सृष्टिको मूल तत्वको ज्ञान नै ब्रहज्ञान हो । तत्वज्ञानले आत्मा, बाहिरी सम्बन्ध अनि ब्रहासँगको सम्बन्ध जोडने काम गर्छ । यस्तो ज्ञान सिकाउने ग्रन्थ मानिन्छ भगवत गीतालाई, जसबाट समग्र मानव जीवनको अर्थ, महत्व र उदेश्य बुझ्न सकिन्छ । क्रमशः

कला/मनोरञ्जन

# "झिँगेदाउ २" प्रदर्शन मिति परिवर्तन




**दमक/** ज्ञानेन्द्र देउजाको निर्देशनमा निर्माण भएको चलचित्र 'झिँगेदाउ २' को प्रदर्शन मिति परिवर्तन भएको छ । मंगलबार चार मुख्य कलाकार समेटिएको पोस्टर सार्वजनिक गर्दै चलचित्रलाई आगामी ३ असोज संविधान दिवसको अवसर पारेर देशव्यापी प्रदर्शनमा ल्याइने जानकारी दिइएको छ ।

यसअघि दशैंको फूलपातीमा रिलिज गर्ने घोषणा गरिएको थियो । सो मितिमा चलचित्रबीच प्रतिस्पर्धा बढ्ने देखिएपछि निर्माण टिमले सुरक्षित विकल्पका रूपमा नयाँ मिति तय गरेको निर्देशक देउजाले बताएका छन् । कपनगढी सिनेमा प्राली र फिल्म क्रिउ नेपालको संयुक्त ब्यानरमा बनेको यस चलचित्रमा सरोज खनाल, आर्यन सिग्देल, महेश त्रिपाठी, केकी अधिकारी, आँचल शर्मा, कुशल बिष्ट, बसुन्धरा भुषाल, चैत्यदेवी सिंह, हिँउवाला गौतम, विजय देउजा, आशा भुषाल, अभय राज बराल र आशिष पुरुषलगायत कलाकारहरूको अभिनय रहेको छ।

काभ्रे, काठमाडौं, भक्तपुर, साँखु, तनहुँ, बन्दीपुर, देवघाट, दोलखा, चित्लाङ, पालुङ र चितवन लगायतका विभिन्न स्थानमा यसको छायांकन गरिएको हो । हाल यस चलचित्रको डबिङ कार्य भइरहेको छ । विष्णु घिमिरे 'कल्पित'ले खिचेको यस चलचित्रका निर्माता सुलभ प्रतिक देउजा र समीक्षा देउजा हुन्।

निर्देशक देउजाकै कथामा आधारित यस चलचित्रको पटकथा परिच्छेद सेन, गोविन्द फुयाल र शिशिर चालिसेले तयार पारेका हुन्। जसमा रोशन श्रेष्ठको द्वन्द्व निर्देशन, रामजी लामिछानेको कोरियोग्राफी, अर्जुन पोखरेलको संगीत तथा मित्र डी गुरुङको सम्पादन रहेको छ ।

## दैनिक राशिफल



आज मिति
२०८३ साल
वैशाख १७ गते
बिहीबार
30 April 2026
तिथि: चतुर्दशी

ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगाना : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
| --- | --- | --- |
| मेष | चु चे लो ला लि लँ ले लो अ | मनमा शान्ति छाउने । अध्ययन क्षेत्रमा सुधार । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | दिन मध्यम छ । आफन्तबाट अपजस मिल्ला । |
| मिथुन | का कि कु घ ङ छ के को हा | मित्रहरु दाहिना होलान् । ब्यापारमा उत्तम समय छैन । |
| कर्कट | चु चे लो ला लि लँ ले लो अ | पारिवारीक भेटघाट । खर्चको मात्रा बढेर जाला । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | शुभचिन्तकबाट सरसहयोग । पढाईलेखाईमा बाधा । |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | अनावश्यक खर्च । शत्रुको भय । |
| तुला | हि हु हे हो डा डि डु डे डो | आकस्मिक धनलाभ । आफन्तबाट सहयोग । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | उपहार प्राप्ति । रोजगारीको अवसर । |
| धनु | य यो भा भी भ धा फा ढ भे | कार्य सिद्धि । मान्यजनको सहयोग । |
| मकर | भो जा जी खि खू खे खो गा गी | मनमा खिन्नता । स्वास्थ्यमा समस्या । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | धार्मिक कार्यमा रुचि । व्यापारबाट लाभ । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | आर्थिक प्रगति । मित्रबाट सहयोग । |

## जिल्ला......

पत्र पठाउने अनि सुरक्षाकर्मी लाएर बस्ति हटाउ भनेर निर्देशन दिन त मिलेन नि ।'

अर्कोतिर अतिक्रमण र सरकारी स्वामित्वको जग्गा संरक्षण गर्न स्थानीय सरकार गम्भिर रहेको तर करिब चार दशकदेखि नदि उकास बन्द भएको, कुलो पैनीको भुमागमा साविक बाटो फराकिलो भई निर्धारित मापदण्डको बाटो निर्माण भई बाँकी रहेको ठाउँ (ऐलानी/प्रति जग्गा)मा मानिसहरू बसोबास गरेको अवस्था छ । को मान्छे कुन ठाउँमा कहिलेदेखि बसोबास गरेको छ ? सम्बन्धित मालपोत, नापी प्रशासन र स्थानीय सरकारको रोहवरमा स्थलगत निरीक्षण गरी एकिन गरेर मात्र आवश्यक प्रक्रिया र कारवाही अगाडि बढाउन संघीय सरकारलाई ध्यानाकर्षण गराउँदछु- थापाले भने ।

एकिन पछि विकल्पसहितको समाधानको व्यवस्था नभएसम्म तत्काल उठाइहाल्न व्यवहारिक रूपमा असम्भव हुन सक्नेतर्फ सबै सचेत रहन आवश्यक देखिन्छ । नगरबासीमा ठूलो डर, त्रासमा नपरी न्यायोचित समाधान हुने हुँदा अन्योलमा नबस्न समेत नगरप्रमुख थापाले अनुरोध गरेका छन् ।

यसैगरी, धेरै सुकुमबासीहरू रहेको मध्येको धरान उपमहानगरपालिकाका कार्यवाहक प्रमुखले पनि संघीय सरकार र प्रशासनको निर्देशन मान्नु बाध्यकारी नभएको जनाएका छन् । कार्यबाहक नगरप्रमुख आईन्द्रविक्रम बेघाले धरानका सुकुमबासी बस्तिमा डोजर चल्न नदिने बताएका हुन् । उनले सुकुमबासी भत्काउन गृह प्रशासन र नेपाल प्रहरीबाट केही पत्र आएको जानकारी गराएका छन् । तर जसले जस्तोसुकै पत्र र निर्देशन गरे पनि आफ्नो क्षेत्रको हकमा डोजर नचल्ने उनको भनाई छ । बेघाले सुकुमबासी समस्यालाई राजनीतिक विषय भन्दा बढी मानवीय र कानूनी ढंगले समाधान गर्नुपर्नेमा जोड दिएका छन् । धरानमा १५ हजारभन्दा बढी सुकुमबासी भएको उनले बताएका छन् ।

### प्रहरी पनि सक्रिय

भुमिहिन सुकुमबासीको विवरण संकलनमा प्रहरी समेत परिचालित भएको छ । जिल्ला प्रहरी कार्यालयले मातहतमा पठाएको पत्रमा भनिएको छ, 'तहाँका तथा मातहत समेतहरूमा रहेका सरकारी जग्गा सुकुमबासी बस्ति, प्रति-ऐलानी-सार्वजनिक, गुठी संस्था बस्तीहरू बसेको विवरण खुलाई पठाउने भनि तालुक प्र.म.नि ज्यूको सचिवालयबाट माग भई आएको विवरण आ-आफ्नो एरिया ईलाकाहरू भित्र पर्ने नगरपालिकाहरू र गाउँपालिकाहरूसँग समन्वय गरि तालुक कार्यालयबाट माग भई आएको विवरण जाहेर गर्न वाधा नपर्ने गरि ३० मिनेट भित्र खुलाई पठाउनु हुन अनुराध गरिएको छ ।'

बैशाख १० गते ४:३० बजे ३० मिनेटको समय सिमा तोकेर यस प्रकारको पत्र झापा जिल्ला भरि पठाईएको थियो । सोहि निर्देशनले यस्तो विवरण संकलनमा तिव्रता समेत दिएको हो । सो पत्रमा तीन प्रकारको विवरण उपलब्ध गराउन भनिएको छ । सरकारी जग्गा सुकुमबासी बस्ति बसेको, प्रति-ऐलानी-सार्वजनिक वस्ती बसेको र गुठीसंस्था बस्ती बसेको विवरण उपलब्ध गराउन झापाका प्रहरी कार्यालयहरूले निर्देशन पाएका थिए । तीनै प्रकारको बिवरणमा यकिन ठेगाना सहित क्षेत्रफल, घरसंख्या, परिवार संख्या समेत खुलाउन भनिएको छ । यस सम्वन्धमा एक प्रहरी अधिकारीले भने यस्ता विवरण माथिल्लो कार्यालयबाट माग भई रहने नियमित प्रकृया भएको जनाएका छन् ।

वर्षायाम पनि नजिकै आई रहेकाले बाढि, पहिरो, डुवानमा पर्न सक्ने सम्भावित स्थानहरूको पहिचान गरि सतर्कता अपनाउन पनि यस्तो विवरण खोजिएको हुन सक्ने उनले सुनाए । तर सुरक्षा निकाय मार्फतनै यस प्रकारको विवरण खोजी भएको समाचार सार्वजनिक भए पछि झापाका सुकुमबासी बस्तिहरूमा पनि त्रास फैलिएको छ ।

काठमाडौमा समेत बाक्लो संख्यामा सुरक्षाकर्मी परिचालन गरि सुकुमबासी बस्ति खालि गराईएको र झापामा विवरण संकलन देखिनै सुरक्षाकर्मीलाई सक्रिय पारिएको हुन सक्ने त्रास फैलिएको हो ।

कति छन् सुकुमबासी ?

झापाका विभिन्न स्थानीय तहका विभिन्न टोलमा भुमिहिन तथा सुकुमबासीका दर्जनौ बस्ति रहेका छन् । दमक नगरभित्र पनि विभिन्न टोलमा यस्ता बस्ति रहेका छन् । विगत देखिनै भूमि सम्वन्धि समस्या समाधान आयोगले यस क्षेत्रमा काम गर्दै आएको छ ।

### दमकको अवस्था

दमक नगरपालिकामा ६ हजार ४ सय बढी भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित बसोबासी रहेका छन् । यसको कार्यक्षेत्र भनेको भूमि व्यवस्था, सहकारी र गरिबी निवारण मन्त्रालय र सहरी विकास मन्त्रालयअन्तर्गत पर्छ । पटक पटक यहि मन्त्रालय अन्तर्गत गठित राष्ट्रिय भूमि आयोगहरू गठन र पुनर्गठन हुँदै आएको अवस्थामा दमक नगरपालिकाले लक्षित समुदायलाई निस्सा वितरण गरिसकेको दमक नगरप्रमुख रामकुमार थापाले बताए । उनका अनुसार दमकमा वडा नं. १, ४, ८ र १० मा नापजाँच सकेर पूजा वितरणको प्रक्रियामा पुगेको छ भने वडा नं. ५, ७ नम्बरमा नापी हुँदै गरेको अवस्था थियो । तत्कालिन नेकपा एमाले र कांग्रेसको गठबन्धन सरकारद्वारा गठन भएको भूमि आयोग भदौ २३-२४ को जेनजी आन्दोलनपछि बनेको सुशिला कार्की नेतृत्वको सरकारले विघटन गरेको तर सम्मानित अदालतबाट सर्वोच्च अदालतले पुर्नवहाली भई क्रियाशिल भएको थियो । तर यतिखेर एकाएक अन्य मन्त्रालयको क्षेत्राधिकार मिचेर जिल्ला प्रशासन कार्यालयबाट स्थानीय सरकारहरूलाई पत्र पठाई अन्योलको स्थितिमा पुऱ्याइएको पनि थापाले बताए ।

भूमि आयोगका अनुसार भूमिहिन दलित, भुमिहिन सुकुमबासी र अव्यवस्थित बसोबासीको तीन ओटा अलग अलग प्रकारका समस्या रहेका छन् । यि सवैको संख्या ५७ हजार परिवारको हाराहारीमा रहेको आयोगको अनुमान छ । यस सम्वन्धमा अद्यावधिक प्रमाणित विवरण सवै स्थानीय तहबाट आउने क्रममा रहेको आयोगका झापा जिल्ला अध्यक्ष मदन अधिकारीले जनाए । उनले भने, 'यो संख्या विगतमा ५० हजार थियो तर अहिले ५७ हजार जति पुगेको अनुमान छ, सवै पालिकाबाट विवरण आए पछि यकिन भन्न सकिन्छ ।'

**दल....**खाडी क्षेत्रको द्वन्द्वले बजार मूल्यमा परेको असरबारे सरकार सचेत रहेको उनले बताए । साथै संगठन निर्माणमा सबै तहका नेता-कार्यकर्तालाई सक्रिय हुन आग्रह गरेका छन् ।

सुकुम्बासी व्यवस्थापनबारे उन ले जोखिमयुक्त स्थानमा रहेका नागरिकलाई सुरक्षित स्थानमा सार्ने काम भइरहेको जानकारी दिएका छन् । "लगत संकलन र व्यवस्थापनमा सरकार जिम्मेवार छ," उनले भने, "बाढी तथा जोखिम क्षेत्रमा बस्न बाध्य नागरिकको सुरक्षित बसोबास सुनिश्चित गर्नु सरकारको कर्तव्य हो ।"

उनले देशभरका सुकुम्बासी समस्यालाई समाधान गर्न विशेष आयोग गठन गर्ने तयारी रहेको र कुनै पनि नागरिकलाई घरबारविहीन हुन नदिने प्रतिबद्धता व्यक्त गरेका छन् । "सरकारले गाँस, बास, कपास र रोजगारीको सुनिश्चिततामा ध्यान दिन्छ," उनले भने ।

**सदस्यता....**सामाजिक सञ्जालको विवरण अनिवार्य भर्नुपर्ने बताएका थिए ।

नेपाली कांग्रेसले १५औं महाधिवेशनलाई लक्षित गर्दै सदस्यता अद्यावधिक अभियान सञ्चालन गरेको छ । केन्द्रीय कार्यतालिकाअनुसार वडा अधिवेशन भदौ २ गतेदेखि सुरू हुने र असोज १६-१९ गते केन्द्रीय महाधिवेशन हुने तय भएको छ ।

यसैबीच, भेलाले संसदीय दलको नेतामा भिष्मराज आङदेम्बे चयन भएकोमा बधाई दिएको छ। साथै प्रमुख सचेतक बासना थापा र सचेतक निष्कल राई नियुक्त भएकोमा तथा समानुपातिक सांसद सुशिला ढकाल आचार्य र मनुमाया विश्वकर्मालाई सफल कार्यकालको शुभकामना व्यक्त गरेको छ ।

**खुवालुङ....** *प्रस्तुत भइसकेको छ । किरात राई यायोक्खाले उक्त डिपीआर परिमार्जन गर्नुपर्ने मागसहित संशोधन प्रस्तावसमेत पेस गरेको जनाएको छ ।*

*परिमार्जित डिपीआर तयार गर्दा सामाजिक विकास मन्त्रालय, कोशी प्रदेशद्वारा तयार गरिएको 'खुवालुङः किराँतीहरूको पुर्ख्यौली पवित्र आस्था तथा मुन्दुमी शक्ति केन्द्र (सांस्कृतिक इन्जिनियरिङ अर्थात् सैद्धान्तिक अध्ययन), २०८२' लाई आधार बनाइएको जनाइएको छ ।*

*करिब छ रोपनी क्षेत्रफलमा निर्माण हुन लागेको माङ्हिम र मुन्दुमी खीमका लागि आवश्यक जग्गा किराँत राई यायोक्खा केन्द्रीय कार्य समिति र व्यवस्थापन समितिले विभिन्न दाताबाट रकम सङ्कलन गरी खरिद गरेको हो । साथै स्थानीय तीर्थराज राई, धर्मराज राई र देवराज राईले दुई रोपनी जग्गा दान गरेको किरात राई यायोक्खा उपाध्यक्ष जनक राईले बताए ।*

*किराँती समुदायका सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्द्धन आवश्यक रहेको उल्लेख गर्दै यस्ता संरचनाले पहिचान जोगाउन सहयोग पुग्ने उनले भने ।*

**हिमावी...**१६ लाख ६० हजार १०१ रूपैयाँ तथा थप १७ लाख ९६ हजार ५२१ रूपैयाँ नगद रकम व्यक्तिगत प्रयोजनमा प्रयोग गरिएको छ । यसले विद्यालयको समग्र आर्थिक अनुशासनमा गम्भीर असर पारेको आयोगको भनाइ छ ।

आयोगले प्रस्तुत गरेको आरोपपत्रअनुसार उनीहरूले सार्वजनिक संस्थाको रकम हिनामिना, दुरूपयोग तथा निजी लाभमा प्रयोग गरेको ठहर गर्दै भ्रष्टाचार निवारण ऐन २०५९ अन्तर्गत कसूर गरेको उल्लेख गरिएको छ । सोही ऐनअनुसार बिगो असुल, जरिवाना तथा कैद सजायको माग गर्दै मुद्दा दायर गरिएको हो ।

यस विषयमा विद्यालयसँग सम्पर्क गर्दा घटना पुरानो भएको र हाल विद्यालयमा कुनै समस्या नरहेको जनाएको छ । प्रधानाध्यापक द्रोर्णबहादुर श्रेष्ठले पहिले भएको विषयमा अहिले मुद्धा परेको र यो विषय छिटै किनारा लाग्नुपर्ने जनाएका छन् । आवश्यक छानविन गरि दोषी पाईए कार्वाही गरि विद्यालयको रकम शोधभर्ना गरिनु पर्ने उनको भनाई छ । तर अख्तियारले सो विषयमा अनुसन्धान गरेपछि विद्यालय नयाँ प्रशासकीय नेतृत्वमा रहेको र शैक्षिक तथा आर्थिक अनुशासन दर्विलो पारिएको उनले जनाएका छन् । अनुसन्धानको विषयलाई लिएर हिमालय माविको शैक्षिक गुणस्तर र भविश्य प्रति कुनै चिन्ता लिन नपर्ने पनि प्रअ श्रेष्ठको भनाई छ ।


## Expression of Interest (EOI)

*Publishing Data : 29th April 2026*

Caritas Nepal is a non-profit organization and has been working to improve the lives of marginalized communities in Nepal is seeking qualified and experienced workshop facilitator for rollout of **"Safe Migration and Resilient Livelihood Procedure" and Safe Migration Emergency Fund Management and Operation Guideline" 2082** in Kankai Municipality Jhapa.

As part of our mission, we are committed to support communities in enhancing their knowledge and skill for safer, dignified and regular labour migration and reintegrate failure returnees and survivals of trafficking with dignity in the community.

We invite interested individuals, consultants, or organizations to submit their Expressions of Interest (EOI) either via email or as a sealed bid proposal. Please ensure that your submission reaches Caritas Nepal's Damak Jhapa **by 11th May 2026 by 3pm** via email to pradip@caritas.org.np

**For detailed information and the Terms of Reference (ToR), please visit Caritas Nepal Provincial office Damak, or contact us at Ph. No. 9801318332. You may also request the ToR via mail at himalaya@caritas.org.np**

**Shankar Kumar Paudyal**
Provincial Manager
**Caritas Nepal, Damak**



## श्री जनमुखी सहकारी संस्था लि., दमक-६ झापाको

## धितो लिलाम बिक्री सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

मिति २०८३।०१।१७ गते

यस श्री जनमुखी सहकारी संस्था लि. को तपसिलमा उल्लेखित ऋणी सदस्यले यस संस्थाबाट लिएको कर्जाको साँवा तथा व्याज, हर्जना तथा अन्य दै दस्तुर रकम समेत संस्थासँग गरेको शर्त सम्झौता बमोजिम तिर्नु बुझाउनु पर्नेमा नतिरी/नबुझाई कर्जा सम्बन्धि शर्त कबुलियतको उल्लंघन गरेको र संस्थाले पटक-पटक लिखित, मौखिक एवं स्थलगत भेटघाट आदिबाट तरताकेता गर्दा समेत भुक्तानी गर्न नआएकोले लिएको कर्जा चुक्ता गर्न आउने बारेको राष्ट्रिय दैनिक पत्रिकामा ३५,१५,०७ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत आजका मिति सम्म पनि कर्जा चुक्ता गर्न नआएकोले तपसिल बमोजिमको कर्जा सुरक्षण वापत यस संस्थामा रहेको अचल सम्पत्तिको लिलाम विक्रीका लागि यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। अत: यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र संस्थालाई तिर्नु बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्न आउनुहुन अनुरोध गरिन्छ । सो अवधिभित्र पनि कर्जा चुक्ता भुक्तान नगरेमा आजका मितिले ३६ औं दिनमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, संस्थाको कर्जा नीति, अशुली कार्यबिधि तथा प्रचलित नियम कानुन बमोजिम धितोमा रहेको तपसिल बमोजिमको अचल सम्पत्ति लिलाम विक्री गरी संस्थाको आफ्नो लेना रकम असुल उपर गरी लिने व्यहोरा यसै सूचनामार्फत सम्बन्धित ऋणी सदस्य, जग्गा धनी तथा सम्बन्धित अन्य सबै पक्षहरुलाई जानकारी गराइन्छ । साथै तपसिल बमोजिमको सुरक्षण बापतको सम्पत्ति जे जस्तो अवस्थामा छ, सो अवस्थामा लिलाम बिक्री गरी कर्जा असुल उपर गर्नुपर्ने भएकोले सो लिलाम बिक्रीमा उक्त सम्पत्ति सकार गरी लिन इच्छुक संघसंस्था, कम्पनी तथा महानुभावहरुलाई समेत जानकारीको लागि अनुरोध गरिन्छ । कथमकदाचित धितोमा रहेको तपशिलमा उल्लेखित अचल सम्पत्तिबाट संस्थाको सम्पूर्ण लेना रकम असुल उपर हुन नसकेमा नियम अनुसार ऋणी, जमानीकर्ता र निजका एकासंगोलका परिवारका सदस्यहरुको नाममा रहेको अन्य चल अचल सम्पत्तिबाट असुल उपर गरिनेछ ।

**तपसिल**

| क्र स | ऋणीको बिवरण | धितो सम्पत्तीको बिवरण | वर्तमान बजार तथा संस्थागत मूल्यांकनकर्ताको मूल्य |
|---|---|---|---|
| १ | नाम : नवलचन्द गुरागाईं<br>बावु : लोकनाथ गुरागाईं<br>बाजे : अग्नीधर गुरागाई<br>पत्नि : दुर्गा देवी गुरागाईं<br>ठेगाना : दमक-६, झापा<br>ना.प्र.नं. २३१११७२३२ (झापा) | जग्गाधनिको नाम : नवलचन्द्र गुरागाईं<br>धितोको ठेगाना : हाल कमल गा.पा. वडा नं. ६, (साविक लगनपुर गा.वि.स. वडा नं. ४/मधुमल्ला ६घ)<br>धितोको कित्ता नं. : ९३६<br>धितोको क्षेत्रफल : ०-५-५।७५ (फिल्डको क्षेत्रफल बास्तविक ०-१-१०) | रु.२२,५०,०००।-<br>अक्षरेपी बाइसलाख पचास हजार रुपैयाँ मात्र । |

**शर्तहरु :**

१) यो सूचना प्रकाशन भएको ३५ दिनभित्र असुल उपर नभएमा ३६ औं दिन मिति २०८३/०२/२१ गते दिउसो २:०० बजे दमक स्थित संस्थाको कार्यालयमा सरकारी प्रतिनिधिहरुको रोहबरमा लिलाम बिक्री सम्बन्धी कार्य हुनेछ ।
२) लिलाममा लाग्ने सम्पूर्ण खर्च ऋणी स्वयमंले व्यहोर्नुपर्नेछ ।
३) लिलाम बढाबढमा सबैभन्दा बढी रकम कबुल गर्ने व्यक्तिले आफ्नो कबुल गरेको रकमको १०% ले हुन आउने रकम धरौटी वापत तत्काल संस्थामा जम्मा गर्नुपर्नेछ । धरौटी रकममा व्याज दिइने छैन ।
४) रकम कबुल गर्दा कबुल गर्ने व्यक्तिले कुनै पनि शर्त राख्न पाउने छैन ।
५) लिलाममा सबै भन्दा बढी रकम कबुल गर्ने व्यक्तिलाई धितोमा रहेको सम्पत्ति विक्री गर्ने नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार संस्थासंग सुरक्षित हुनेछ ।
६) लिलामीमा भाग लिई स्वीकृति पाएको मितिले १५ दिनभित्र धरौटी बाहेकको रकम संस्थामा बुझाई सम्पत्ति नामसारी गरी नलिएमा धरौटी वापतको रकम जफत हुनेछ ।
७) सहकारी ऐन, नियमावली तथा संस्थाको कर्जा नीति, अशुली कार्यबिधि अनुसार लिलाम गर्नुपर्ने, जाय जेथा लिलाम विक्रि गर्दा कसैले नसकारेमा संस्था स्वयमंले नै उक्त सम्पत्तिको स्वामित्व आफूमा लिनेछ ।
८) अचल सम्पत्ति सकार गरी लिनेले दा.खा. नामसारी गर्न लाग्ने लगायतका शुल्कहरु निज स्वयमंले व्यहोर्नुपर्नेछ ।
९) लिलाम विक्रि हुने अचल सम्पत्तिहरुको सम्बन्धित कागजातहरु हेर्न चाहानुहुने महानुभावहरुले संस्थामा सम्पर्क राख्न सक्नुहुनेछ ।
१०) अन्य कुरा प्रचलित नियम कानुन अनुसार हुनेछ ।

**श्री जनमुखी सहकारी संस्था लि.**
दमक-६ झापा, (फोन नं. ०२३-५७१५६९)



## मेची बहुउद्देश्यीय सहकारी संस्था लि. दमक, झापाको

## धितो लिलाम बिक्री सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८३।०१।१७ गते**

यस मेची बहुउद्देश्यीय सहकारी संस्था लि.बाट तपसिलमा उल्लेखित ऋणीहरुले विभिन्न शीर्षक अन्तर्गतको कर्जा उपभोग गर्नु भएकोमा कर्जा लिँदाका बखत तोकिएको भुक्तानी तालिका अनुसार कर्जाको तिर्नुपर्ने किस्ता/ब्याज (साँवा, ब्याज) तथा कर्जा लिँदा कर्जा स्वीकृत पत्र अनुसारको सर्त कबुलियत उल्लंघन गर्नुभएको र पटक-पटक मौखिक एवं लिखित तरतागेता गर्दा समेत कर्जा तिर्ने आलटाल र बेवास्ता गरी कर्जा रकम चुक्ता भुक्तान गर्ने तर्फ चासो नदेखाई बसेको र पहिलो पटक ३५ (पैतीस) दिने कर्जा चुक्ता भुक्तान गर्न आउने सार्वजनिक सूचना प्रकाशित गरिँदा समेत उक्त कर्जा हालसम्म पनि चुक्ता भुक्तान नगरेकोले सो कर्जामा लेखिदिएको तपसिलमा उल्लेखित धितो सुरक्षण लिलाम बिक्री गरी यस सहकारी संस्थाले आफ्नो लेना रकम असुल उपर गर्नुपर्ने हुँदा यो ३५ (पैतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। उक्त कर्जामा लेखाई दिएको तपसिल बमोजिमको धितो सुरक्षण बापतको जयाजेथा जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरी संस्थाले आफ्नो कर्जा असुल उपर गर्नुपर्ने भएको हुँदा तपसिल अनुसारको सर्त बन्देज स्वीकार गर्न इच्छुक संघ संस्था तथा व्यक्तिहरुलाई न्यूनतम रेटमा बढाबढ गरी यो सूचना प्रकाशन गरेको मितिले ३५ दिनभित्र कार्यालय समय ५ बजेसम्ममा आवेदन दर्ता गर्नुहुन सूचित गरिन्छ।

**तपसिल**

| क्र. स. | ऋणीको विवरण | धितो सम्पत्ति विवरण | वर्तमान बजार तथा संस्थागत मूल्यांकनकर्ताको मूल्य |
|---|---|---|---|
| १. | नाम: विन्द्र राजवंशी<br>पत्नी: श्यामा राजवंशी<br>बाबु: चैतु राजवंशी<br>बाजे: नापीलाल राजवंशी<br>वतन: साविक घैलाडुब्बा ७, झापा हाल: कनकाई-९, झापा<br>ना.प्र.नं. ३२३५५१०(झापा) | जग्गा धनीको नाम: बिन्द्र राजवंशी<br>ठेगाना: साविक घैलाडुब्बा ७, हाल: कनकाई न.पा. ९, झापा<br>जग्गा भएको स्थानको ठेगाना: साविक: शनिश्चरे ५ च, झापा हाल:अर्जुनधारा न.पा. १०,झापा<br>जग्गाको कित्ता नं.: ५०५९<br>जग्गाको क्षेत्रफल: ०-९-०-० ज.बि., ३०४७.६७ व.मि. | ५४,००,०००<br>(अक्षरेपी चौवन्न लाख रुपैयाँ मात्र) |

**लिलाम बोलपत्रसम्बन्धी शर्तहरु**

१ शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र यस संस्थाको प्रधान कार्यालय दमक-६, झापामा आइपुग्ने गरी पेश गर्नुपर्ने छ।
२) बोलपत्र फाराममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ।
३) माथि उल्लेखित धितो सुरक्षणहरु सम्पूर्ण जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ।
४) प्राप्त बोलपत्रहरु मिति २०८३।०२।२१ गतेका दिन दिउँसो १:०० बजे संस्थाको प्रधान कार्यालय दमक-६, झापामा उपस्थित जनप्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। बोलपत्र खोल्ने समयमा बोलाइएका सबै जनप्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि अनुपस्थित रहेपनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।
५) बोलपत्र खोलिने दिनमा सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलामसम्बन्धी कार्य हुनेछ। बोलपत्रकर्ता वा निजको प्रतिनिधिको उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन।
६) बोलपत्रदाताले आफूले खरिद गर्न चाहेको सम्पत्तिको बोलपत्रमा कबुल गरेको अंकको कम्तिमा १० प्रतिशत हुन आउने रकम धरौटी बापत संस्थामा बुझाएको सक्कल रसिद वा भौचर शिलबन्दी बोलपत्र साथ संलग्न गरी पेश गर्नुपर्नेछ।
७)बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार संस्थामा निहित रहनेछ।
८) बोलपत्रमा बोलपत्रकर्ता व्यक्ति भए नागरिकता प्रमाणपत्रको प्रतिलिपी र फर्म/कम्पनी/संस्था भएमा दर्ता प्रमाणपत्र तथा पान दर्ता प्रमाणपत्रको प्रतिलिपी पेश गर्नुपर्नेछ।
९) लिलाम बिक्री हुने धितो सुरक्षण निरीक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समयभित्र संस्थामा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ।
१०) बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले २० दिनभित्र बाँकी सम्पूर्ण रकम संस्थामा बुझाई तोकिएको समयभित्र बोलकबोल गरेको सम्पत्ति आफ्नो नाममा नामसारी गरी लिनुपर्नेछ। सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भइ धरौटी रकम स्वतः जफत हुनेछ।
११) स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखिल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क दै दस्तुर, कर तथा अन्य शुल्क इत्यादी बोलपत्र दाताले नै व्यहोर्नुपर्नेछ।
१२) बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुनेछैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता दिइने छैन।
१३) म्याद नाघी, रीत नपुगी वा अमान्य शर्त राखी पेश गरिएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
१४) बोलपत्र लगाउने अन्तिम मितिसम्ममा सम्बन्धित ऋणीले नै सम्पूर्ण रकम बुझाएमा बोलपत्रहरु रद्द गरी प्राप्त बोलकर्ताहरुले राखेको धरौटी रकम बिना ब्याज फिर्ता गरी सम्बन्धित ऋणीलाई नै निजको सम्पत्ति फिर्ता गरिनेछ।
१५) लिलाम गर्ने भनिएको उल्लेखित सम्पत्ति कसैले नबुझाएमा संस्था स्वयम्ले सहकारी ऐन २०७४ को व्यवस्था अनुसार सकार गरी संस्थाको नाममा राख्ने छ।

**मेची बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड**
**Mechi Multipurpose Cooperative Society Limited**
मुख्य कार्यालय: दमक-६, झापा


**प्रधान सम्पादक/प्रकाशक**: गञ्जबहादुर दाहाल, **कार्यालय**: दमक-५, झापा, फोन: ०२३-५७०२७२. **प्रबन्धक**: सुवासचन्द्र भट्टराई, **मुद्रण**: ज्योति अफसेट प्रेस, **कार्यकारी सम्पादक**: खगेन्द्र कार्की E-mail:purbasandesh@yahoo.com **ले-आउट**: सुरेन बस्नेत **सल्लाहकार** : पंकज दाहाल